# *हिमालमुनिको गाउँ* उपन्यासमा विधाविनिर्माण

अनिल अधिकारी
उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय
Email : aniladhikaribhojpur@gmail.com
Orcid ID : https://orcid.org/0009-0001-4095-8833

**सार**

प्रस्तुत लेख हिमालमुनिको गाउँ उपन्यसमा विधाविनिर्माण मूल समस्या तथा त्यको निरूपणसँग सम्बन्धित छ । यो उपन्यास २०७७ सालमा प्रकाशित भएको हो भने सिर्जनात्मक सौन्दर्यका दृष्टिले जीवनजगत्को विराटता प्रतिबिम्बन गर्ने प्रस्तुत कृति विधागत अन्तर्मिश्रण भई विधाविघटन भएको बहुविधात्मक सौन्दर्यको प्रस्तुतीकरण भएको कृति रहेको छ । विनिर्माणले केन्द्रभञ्जनसम्बन्धी मान्यताका अन्तर्यमा परम्परागत केन्द्रगामी मान्यता, ज्ञानमीमांसा, स्थापित सत्य, विश्वास र धारणा समाप्त गरी केन्द्रीकृत निश्चित र निर्धारणवादी अवधारणालाई उल्टाई दिएको छ । साहित्यका चार विधा तथा ती प्रत्येकका अलग्गै विभेदक अभिलक्षण हुने सार्वभौम मान्यता विपरीत सबै कृति परस्परमा अन्तर्मिश्रण भई संरचित हुन्छन् भन्ने केन्द्रभञ्जनले स्थापना गरेको विधाविघटनसम्बन्धी अवधारणा हिमालमुनिको गाउँ उपन्यासमा पालना भई आख्यानको विधाविनिर्माण भएको छ । गुणात्मक अनुसन्धान पद्धति र पाठमा आएका विषयवस्तुको विश्लेषणमा आधारित यो लेख विषयवस्तुकेन्द्री विश्लेषणमा आधारित छ । यस लेखको सैद्धान्तिक आधार विनिर्माणको सिद्धान्तमा आधारित विधाविनिर्माणको आधार केन्द्रभञ्जन हो । प्रस्तुत उपन्यासमा आख्यानमा काव्यिकता, नाटकीयता, निबन्धात्मक तथा समालोचनाको अन्तर्मिश्रण भई विधाविनिर्माण भएको छ । यस उपन्यासमा 'लयसँग' उपशीर्षकमा भिन्न लयगत विशेषता भएका हाइकु, मुक्तक, गीत र प्रगीतात्मक कविताको सम्यक् प्रयोग र प्रस्तुति भएको छ । यस उपन्यासमा लयगत दृष्टिले वार्णिक, वर्णमात्रिक र मुक्तलयमा आबद्ध प्रगीतात्मक र गीति सङ्कथनको प्रयोग भएको छ । आख्यानमा काव्यिक र गीति सङ्कथनको उपस्थितिका कारण विधागत सार्वभौमिकता खण्डित भएको प्रस्तुत उपन्यास विधागत सौन्दर्यका दृष्टिले बहुविधात्मक सौन्दर्यको आमन्त्रण र प्रयोगका कारण विधाविनिर्माण भएको पाठमा रूपान्तर भएको छ । यस उपन्यासको 'विचारसँग' उपशीर्षकमा संरचित खण्डमा आख्यानमा विचारप्रधानताका कारण विधाविनिर्माण भएको प्रस्तुत उपन्यासमा साहित्यिक विधासौन्दर्यका रूपमा कविता, नाटक, निबन्ध, आख्यानका साथै यिनको विधासैद्धान्तिक अवधारणाको समेत प्रयोगका कारण समालोचनाको अन्तर्मिश्रण भई विधाविनिर्माणदाई मूर्तत्ता प्रदान गरेको छ । यस लेखमा साहित्यिक सौन्दर्यका दृष्टिले आख्यानमा कविता, नाटक, निबन्ध र समालोचनाको विधागत सौन्दर्य, आयाम, तिनको संरचना र रूपाकृतिगत अभिलक्षण्को संश्लेषित अभिव्यक्तिको प्रस्तुतिका कारण हिमालमुनिको गाउँ उपन्यास विधाविनिर्माण भएको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : काव्यिकता/कविता, निबन्धात्मकता, समालोचना, अन्तर्मिश्रण

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८१/०३/१२, लेख पुनरावलोकन मिति : २०८१/०५/१३, लेख स्वीकृत मिति : २०८०/०६/१६ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नल होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index DOI: https://doi.org/10.3126/vaikharivani.v2i1.70010 Copy right (c) 2025 Vaikharivani. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख *हिमालमुनिको गाउँ* उपन्यासमा विधाविनिर्माणको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत उपन्यास सुकुम शर्मा (२०२७) द्वारा लिखित तथा २०७७ सालमा प्रकाशित कृति हो । नेपाली भाषा र साहित्यको सन्दर्भमा भाषिक अध्ययन र साहित्यिक समालोचनामा सक्रिय शर्माका नेपाली भाषामा टर्नरको योगदान (२०५९), कवि इच्छुक :

कविताका सन्दर्भमा (२०६०), आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन (२०६२), पारिजातका कविताको अध्ययन (२०६४), नेपाली भाषा साहित्यमा आन्दोलन (२०६४), समालोचक मोतीराम भट्ट (२०६५), जनकवि गोकुलप्रसाद जोशी (२०६५), सिर्जनाका परिधिमा भूपि शेरचन (२०६६), कृति परिचय (२०६८), साहित्यमा मोहनविक्रम सिंह (२०७७) जस्ता समालोचनात्मक अनुसन्धान ग्रन्थका साथै फुटकर समीक्षात्मक र शोधपरक लेख प्रकाशित रहेका छन् । नेपाली वाङ्मयमा भाषापरक खोज–अनुसन्धानपरक समीक्षा गर्ने समालोचकका रूपमा अनुसन्धाननिष्ठ वस्तुपरक भाषा, विषयगत स्पस्टताका साथै कृतिगत रूपप्रति समन्वित दृष्टिकोणजस्ता विशेषता भएका अनुसन्धानकर्ता र समीक्षक हुन् (सुवेदी र गौतम, २०७६, पृ. ६२२) । भाषा–साहित्यिक अनुसन्धानकर्ता तथा समालोचक व्यक्तित्वका रूपमा प्रायोगिक समालोचनालाई प्राथमिकतामा राख्ने शर्माको सिर्जनात्मक कृतिका रूपमा *हिमालमुनिको गाउँ* (२०७७) उपन्यास प्रकाशित रहेको छ । सिर्जनात्मक सौन्दर्यका दृष्टिले जीवनजगत्को विराटता प्रतिबिम्बन गर्ने प्रस्तुत उपन्यास विधागत अन्तर्मिश्रण भई विधाविघटन भएको बहुविधात्मक सौन्दर्यको प्रस्तुतीकरण भएको कृति रहेको छ ।

प्रस्तुत उपन्यासले बहुविधात्मक सिर्जनात्मक सौन्दर्यका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरेको छ । यस उपन्यासको रचनाविधान आख्यानात्मक सत्ताभन्दा नितान्त भिन्न बहुविधात्मक पठन, बोध, विश्लेषण गर्नसकिने खुला पाठका रूपमा संरचित छ । वर्गीय शोषण, आर्थिक असमानता, उत्पादन प्रणालीमा सीमित व्यक्तिको नियन्त्रणका कारण सृजित वर्गीय उत्पीडनको सामाजिक सन्दर्भलाई प्रस्तुत गर्ने यो कृतिको सारतत्त्व वर्गविहीन समाजवादको स्थापना गर्ने लक्ष्यतर्फ प्रवृत्त नेपाली समाजको जागरणको पूर्वदृश्यलाई प्रस्तुत गर्ने कथ्यमा आधारित रहे पनि यसको कथ्यप्रस्तुतिका लागि चयन भएको ढाँचा आख्यानमुक्त बहुविधात्मक बहुलतामा आधारित रहेको छ । आख्यानको सौन्दर्यभन्दा पृथक् काव्यिकता, नाटकीयता, निबन्धात्मकता, र समालोचनात्मक सौन्दर्यका माध्यमबाट कृतिगत अन्तर्वस्तु र कथ्यसन्देश प्रस्तुत गर्ने यस कृतिमा विधागत बहुलताको आमन्त्रण एवम् प्रयोगका कारण विधाविनिर्माण भएको छ । यस उपन्यासको कथ्यविषय काव्यिकता, नाटकीयता, निबन्धात्मकता वा समालोचनात्मक सौन्दर्यका हरेक पक्षसँग जोडिएर आख्यान निर्मितिमा लय, अभिनय, विचार वा समालोचनासम्बन्धी मान्यताका आधारमा विधागत अन्तर्मिश्रण, विधाविधटन र विधाविनिर्माण भएको पाठमा रूपान्तर गर्ने प्रमुख आधार बनेका छन् ।

विधाविनिर्माण एउटा साहित्यिक विधाअन्तर्गतको एक संरचनामा परविधात्मक अभिलक्षण भएका अन्य विधाका विधागत सौन्दर्य परस्परमा अन्तर्भूत भएका कृतिको पठनसँग सम्बन्धित अवधारणा हो । विधाविनिर्माणको अभिप्राय साहित्यिक विधाबीचको अन्तविर्धात्मक समहार्यसम्बन्धी संरचनावादले स्थापना गरेका मान्यताको उच्छेदन गरी विधागत अभिलक्षण्का आधारमा एउटा पाठमा आएका सबै विधाको स्वतन्त्र र स्वायत्त पठनसम्बन्धी अवधारणा हो । साहित्यिक सिर्जनामा कविता, नाटक, आख्यान, निबन्धजस्ता विधाका स्वतन्त्र विधागत अभिलक्षणको निर्धारण भएको छ भने यी परस्परमा एकअर्कासँग सम्बन्धित भई साहित्यिक समुच्चयको निर्माण हुने पूववर्ती मान्यताका व्यतिरेकमा एउटा पाठमा आएका भिन्न विधागत अभिलक्षण भएका कृतिको सौन्दर्य मूल विधाको सहकारी घटकका रूपमा नभई स्वायत्त र स्वतन्त्र हुने अवधारणाबाट विधाविनिर्माणको विषय स्थापित भएको छ । विधाविनिर्माणको विषय विनिर्माणले स्थापना गरेको केन्द्रभञ्जनसम्बन्धी अवधारणाका आधारमा स्थापित भएको हो यसले विधासौन्द्यर्यसम्बन्धी केन्द्रीय अवधारणालाई उल्टाई परम्पराभिन्न अन्तर्विधात्मक आस्वादनबाट कृतिगत सौन्दर्यको निर्माण हुने अवधारणा रहेकाले प्रकारान्तरले यो विनिर्माण नै हो । परम्परागत केन्द्रगामी दर्शन, सिद्धान्त, धारणा, मान्यता र विश्वासका कारण सृजित एकात्मक कोणबाट निर्माण भएका स्वायत्त र सार्वभौम मान्यता विरोधी दर्शनका रूपमा स्थापना भएको विनिर्माण स्थायी सत्यको अनौचित्य तथा केन्द्रगामी विषयको अस्तित्व नै नरहने अन्तर्वस्तुमा आधारित दर्शन हो ।

विनिर्माणले परम्परागत केन्द्रको भञ्जनबाट मात्रै बहुलकेन्द्रको स्थापना हुने अवधारणा निर्माण गरेपछि साहित्यको विधाकेन्द्रका रूपमा रहेको स्वायत्तता समाप्त भई बहुविधात्मक सौन्दर्यको आमन्त्रणले मूर्तत्ता प्राप्त गरेको हो । विनिर्माणले विधाविघटन र विधा विनिर्माण हुने विविध आधार प्रस्तुत गरेको छ । ती आधारहरू मध्ये अन्तर्घुलन, विधान्तरण, विधामिश्रण, अन्त्पाठीयता, विधाप्रत्ययन र अन्तर्विषयकता प्रमुख रहेका छन् । साहित्यिक कृतिको रचना र पठनका क्रममा कवितामा कविताइतरका विधाको विधागत अभिलक्षण अत्यन्त सूक्ष्म रूपमा प्रतिफलित हुनु अन्तर्घुलनको मूलभूत विशेषता हो । संरचनागत रूपमा एकविधामा अर्को विधाको विधागत अभिलक्षणको अप्रत्यक्ष उपस्थिति विधान्तरण हो भने विधामिश्रणमा एक विधामा अर्कोविधाको उपस्थिति प्रत्यक्ष अनुभूति हुने विशेषता अवशिष्ट रहन्छ भने विधाप्रत्ययनमा कविताका आवरणमा आख्यान, नाटक, निबन्ध वा समालोचनालाई नै भिन्न विधाकै संरचना र रूपाकृतिमा प्रस्तुत गरिएको हुन्छ । अन्तर्पाठीयता पूर्वपाठको विपठनका माध्यमबाट कथ्यविषय र सन्देशको निर्माण गर्ने विनिर्माणिक प्रक्रिया हो भने अन्तर्विषयकतामा भिन्न क्षेत्रका अवधारणाको साहित्यीकरण गरिएको हुन्छ । विधाविघटनका यी मुख्य मान्यतासापेक्ष साहित्यिक पठनका लागि बहुविधात्मक सौन्दर्यको खोजी नै विधाविनिर्माणले अध्ययन गर्ने प्रमुख पक्ष हो ।

प्रस्तुत हिमालमुनिको गाउँ उपन्यास साहित्यका कारयित्री प्रतिभाजनित सबै विधाका अतिरिक्त भावयित्री प्रतिभाका रूपमा समालोचनाको समेत सिर्जनात्मक अन्तर्मिश्रण भएको कृति हो । यस कृतिमा आख्यानको मूल विधात्मक सार्वभौमिकताका अन्तर्यमा काव्यिकता, नाटकीयता। निबन्धात्मकता र समालोचनात्मक अन्तर्दृष्टिको पारस्परिक मिश्रण भएकाले यो विधाविनिर्माणका कोणबाट अध्ययनीय कृति रहेको विषयमा विमर्श भएको यो लेख *हिमालमुनिको गाउँ* उपन्यासमा विधा विनिर्माण मूल समस्यामा केन्द्रित छ । प्रस्तुत उपन्यास आख्यानको आवरणमा संरचित बहुविधात्मक अभिलक्षण भएका अलगअलग आठ उपशीर्षकमा संरचित रहेको छ । यस उपन्यासको रचनाका क्रममा आख्यानको उपन्यास भेदको स्वरूप दिइए पनि यसको विधागत सौन्दर्यप्राप्तिका दृष्टिले बहुविधात्मक आस्वादन प्राप्त हुन्छ । यो उपन्यास आख्यानको विधागत आवरणमा संरचित बहुविधात्मक विशेषताका कारण आख्यानको विधाभञ्जन भई पाठमा रूपान्तर भएको कृति रहेको विषयको विमर्शका लागि निम्नलिखितअनुसारका शोध्यप्रश्न निर्माण गरिएका छन् :

(क) हिमालमुनिको गाउँ उपन्यासमा काव्यिकता केकस्तो छ ?

(ख) हिमालमुनिको गाउँ उपन्यासमा निबन्धात्मकता कसरी छ ?

(घ) हिमालमुनिको गाउँ उपन्यासमा समालोचनात्मकता किन छ ?

उपर्युक्त शोध्यप्रश्नका आधारमा *हिमालमुनिको गाउँ* उपन्यासमा विधा विनिर्माणको व्याख्या, विश्लेषण, मूल्याङ्कन र निरूपण गर्नु नै यस लेखको उद्देश्य हो । यस लेखमा उपर्युक्त विषयको पुष्टिका अतिरिक्त साहित्यिक विनिर्माणका सम्बन्धमा अध्ययन नगरिनु यस लेखको विषयगत सीमाङ्कन हो । यस लेखका लागि विनिर्माणले अघिसारेका विधा विनिर्माणसम्बन्धी अवधारणाका अतिरिक्त अन्य सैद्धान्तिक मानक सैद्धान्तिक सीमाङ्कन रहेको छ । यस लेखमा प्रस्तुत उपन्यासमा प्रयोग भएका काव्यिकता, विचार र समालोचनाको मात्र व्याख्या र विश्लेषण भएको छ भने यसमा प्रयोग भएको नाटकीयताको विषयमा विमर्श नहुनु यसको विषयगत सीमाङ्कन रहेको छ । यस लेखको पठनबाट विनिर्माणले अघिसारेको विधा विनिर्माणसम्बन्धी मान्यताका आधारमा कृतिविश्लेषणको आधारसम्बन्धी पक्षको अध्ययन हुने भएकाले यस विषयका बारेमा अध्ययन गर्न चाहने अध्येताका लागि उपयोगी सामग्री रहने यस लेखको प्राज्ञिक औचित्यको पुष्टि हुन्छ ।

## शोधविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । यस लेखका लागि सामग्रीको स्रोत पुस्तकालय हो । यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखको प्राथमिक

स्रोतको सामग्री *हिमालमुनिको गाउँ* उपन्यास हो भने समग्रतावादी पद्धतिअनुसार सिङ्गो उपन्यासबाट काव्यिकता, नाटकीयता, निबन्धात्मकता र समालोचनात्मक विशेषता भएका विषयप्रधान उद्धरणको चयन गरी तिनको विधागत अभिलक्षणका बोणबाट विश्लेषण गरिएको छ । यस लेखको सैद्धान्तिक आधार र अवधारणा निर्माणका लागि उपयोग भएका सन्दर्भसामग्री र कृतिका विषयमा भएका अध्ययन द्वितीयक स्रोतका सामग्री हुन् । यस उपन्यासको रचनाविधानमा आख्यानात्मक विशेषताभन्दा भिन्न साहित्यिक सौन्दर्यको अभिव्यञ्जना भएका साक्ष्यको सङ्कलन गरी तिनको उपस्थितिका कारण आख्यानको सौन्दर्यसत्ता विघटन भएको पक्षको विषयनिष्ठ विश्लेषण गरिने भएकाले यो पाठमा प्रयुक्त विषयवस्तु विश्लेषणमा आधारित अनुसन्धान हो । यस लेखको पूर्णताका लागि गुणात्मक अनुसन्धानविधिको उपयोग भएको छ । यस लेखको सैद्धान्तिक आधार विनिर्माण हो भने यसले अघिसारेको केन्द्रभञ्जनसम्बन्धी मान्यता र अवधारणाका आधारमा विश्लेषण र अर्थापन भएको छ ।

## सैद्धान्तिक आधार

विनिर्माण परम्परागत रूपमा स्थापित केन्द्रगामी मान्यताका व्यतिरेकमा स्थापना भएको बहुलतालाई पृष्ठपोषण गर्ने उत्तरसंरचनावादी भाषिक दर्शन हो । विनिर्माणको र संरचनावादमा विद्यमान केन्द्रगामी संरचना, अर्थ र सङ्कथनमा रहेका सङ्केतक र साङ्केतितबीचको सम्बन्धमा सङ्केतक नै अर्थको केन्द्रमा रहने केन्द्रगामी मान्यता विरोधी दर्शनका रूपमा स्थापना भएको हो । भाषिक र गैरभाषिक सङ्केतमा अवशिष्ठ यादृच्छिकताका कारण संरचना र अर्थका दृष्टिले भिन्न रहे पनि सङ्कथनको स्वरूप ग्रहण गरेपछि तिनै शब्द बिचको पारस्परिक सम्बन्ध एकअर्कामा अन्योन्याश्रित रहन्छ (सस्युर, सन् १९९२, पृ. ७२४–७२५) । भाषिक सङ्केत व्यवस्थासम्बन्धी यसप्रकारको केन्द्रगामी मान्यताका विपर्ययमा स्थापना भएको विनिर्माणले परम्परागत केन्द्रको भञ्जन गरी वास्तविक अर्थ सङ्केतकमा निहित नभई साङ्केतितमा रहने मान्यताको विकास गरेपछि भाषिक अर्थको केन्द्रीकृत अवधारणाको अन्त्य भई बहुलतामा आधारित अर्थको बाटो खुलेको हो । विनिर्माण अर्थको अनिश्चित सञ्जाल हुने मान्यतामा आधारित दर्शन हो । अर्थको भूमिकामा रहने केन्द्रगामी विषयबाट सम्पृक्त गरी विषयको बोध गर्ने हो भने परम्परागत रूपमा मानिआएका सबै केन्द्रको औचित्य समाप्त हुने अवधारणा राख्ने ज्याक डेरिडाले अर्थ सबै संरचनाका लागि स्थिर नभई सदैव परिवर्तनशील भाष्य निर्माण गर्ने बहुलताको पृष्ठपोषक रहेको अवधारणासँगै विनिर्माणको केन्द्रभञ्जनसम्बन्धी अवधारणाले मूर्तत्ता प्राप्त गरेको हो ।

> सङ्केतक र साङ्केतितको द्विचरक्रममा आधारित ज्ञानमीमांसाका आधारमा निर्माण भएका भाष्यका आधारमा नभई शब्दकोशमा शब्दको अर्थ खोज्दै जाँदा सिर्जना हुने बहुलता तथा ती बहसलतामा आधारित अर्थप्राप्तिको प्रक्रियामा अविश्राम अर्थको मुक्तनृत्य निश्चित सङ्केत व्यवस्थामा अन्तर्निर्भर रहने विषय नभई यो सङ्केतकमा समाप्त हुने अर्थमा केन्द्रित नभई अनन्त अर्थको श्रृङ्खला निर्माण गर्ने विषय हो । (डेरिडा, सन् २००८, पृ. ६८९)

वास्तविकतामा संरचना, अर्थ वा तिनमा निहित सङ्कथन भन्नु एकै हो भन्ने संरचनावादी मान्यताका कारण अन्तर्दमनमा परेका बहुलतालाई स्थापित गर्ने विनिर्माणले परम्पराका नाममा स्थापना भएका कुनै पनि सत्यको अस्तित्वलाई स्वीकार गर्दैन । परम्परागत केन्द्रको अस्तित्व समाप्त गरी बहुलकेन्द्र, नवकेन्द्र र यी प्रत्येकका अनेक उपकेन्द्र रहने भएकाले अर्थ स्कैस्थानमा केन्द्रीकत हुननसक्ने तथ्य प्रस्तुत गर्ने विनिर्माणले परम्परागत भाष्यमा उल्लेख भएका सबै मान्यताको खण्डन गरेको छ । पाठनिर्मितिका क्रममा अनेक रिक्तता रहने भएकाले पाठकीय वृत्तिद्वारा तिनको भरण र त्यसका क्रममा प्राप्त बहुलअर्थको सम्भावना नै बहुलकेन्द्रको स्थापनाको आधार हो ।

> विनिर्माणले स्पेस (स्थान) लिन्छ र पाठमा रहेका रिक्तस्थानलाई रणनीतिक रूपले पाठमा रहेको अर्थ र अर्थले संवहन गरेको तथ्य यो वा त्यो हो भनी संसयात्मक तर्कका आधारमा अर्थलाई निर्धारण गर्ने वा खोज्ने काम गर्दछ । विनिर्माणले पाठ भनेको के हो र यसको प्रस्तुत गर्न खोजेको अर्थको बीचको अवस्थालाई महŒव दिन्छ । विनिर्माणको मुख्य उद्देश्य भन्नु नै पाठमा रहेका रिक्तता र तिनको भरणका लागि भरकले तार्किक भाषाको प्रयोग गर्नुपर्दछ भन्ने हो । (बार्कर, सन् २०००, पृ. ७२)

सृजना विधाका आधारमा विधा केन्द्र हो भने यसले उपस्थितिको केन्द्रगामी अवधारणालाई विनिर्माणले उल्टाइदिएको छ । विनिर्माणको केन्द्रको अनास्तित्वसम्बन्धी यही अभिमतका कारण साहित्यिक विधाबीच परस्परमा सार्विक र स्थानिक विशेषताका आधारमा विधागत आदानप्रदान भई एक विधाको सार्वभौमिकतामा अरु विधा सहयागी र सहकारी घटक रहने संरचनावादी अवधारणाका स्थानमा एकै पाठमा आएका विधागत रूपमा भिन्न विशेषता भएका कृतिको स्वायत्त पठनको मार्गप्रशस्त भएको छ ।

> विनिर्माणले पाठमा प्रयोग भएका अन्तर्विधात्मक अभिवृत्तिलाई स्वायत्त पाठका रूपमा विश्लेषण गर्ने आधार वा पद्धति अनुपस्थितिको तलास वा खोजीलाई बनाएको छ । यही खोजीकै क्रममा यसले पाठको अर्थलाई वैकल्पिक केन्द्र वा केन्द्रहीनताको अवस्थासम्म पु¥याउँछ । पाठको अर्थलाई अस्थिर मान्ने हुँदा यसले अर्थको चिप्ल्याईको पनि खोजी गर्दछ । यसका लागि भिन्नता द्विचर विरोध, अनुपस्थित, अन्तराल, मौनताजस्ता विविध शब्दावलीका आधारमा विधिको तय गर्दछ । भाषालाई आधार मान्ने हुँदा विखण्डनले भाषाबाहिर गएर कुनै पनि कुराको खोजी गर्दैन भने भाषामै आधारित भई अर्थको अनिश्चितता, अस्थिरता र चिप्ल्याईको खोजी गर्दछ । भाषाबाहिर यसको कुनै संसार छैन र भाषिक खेलमा नै यसले संसार देख्दछ । (भट्टराई, २०६७, पृ. ३४७)

विनिर्माण विविधतापूर्ण विषयको बहुलतालाई स्वीकार गर्ने दर्शन रहेकाले साहित्यिक विधाका सन्दर्भमा यो निश्चित र निर्धारित कला र भावसौन्दर्यका अन्तर्यमा रचना हुने विषय नभई एकै पाठमा अनेकताको उपस्थितिलाई तिनको स्वायत्त पठनका माध्यमबाट अर्थप्राप्ति गर्ने दर्शन रहेको छ । यसले परम्परागत विधासिद्धान्तले स्थापना गरेका मान्यताको उच्छेदन गरी एकै कृतिमा अनेकताको उपस्थितिका साथै तिनका आधारमा पाठको पठन गर्नुपर्ने मान्यता अघिसारेको छ ।

> विसंघटनात्मक लेखन अपरम्परात्मक हुन्छ, चुट्किलाहरूले युक्त हुन्छ, नर्तनहील हुन्छ, व्यक्तिपरक हुन्छ, नवनिर्मित शब्दहरूले सजिएको हुन्छ । परम्परागत वाक्य गठनमा पनि धक्का दिँदै कोलम तथा स्पेसहरू देखाएर चिह्नहरूको नृत्य खोतल्नेतिर विसंघटकहरू लाग्दछन् । केही विसंघटकहरूले आफ्नो लेखनलाई गद्यकविताको जस्तो शैलीमा ढालेका छन् जसबाट सिर्जना र आलोचनाको भेद समाप्त हुन्छ । (गौतम, २०५९, पृ. ३२९)

विनिर्मित साहित्यिक कृतिमा सबै विधाको विधागत अभिलक्षण प्राप्त हुन्छन् । विनिर्मित कृतिको रचनात्मक विशेषता भन्न् नै अन्तर्विधात्मक पठन, लेखन र त्यसका आधारमा विषयबोध गर्नु हो । विनिर्माणले परम्परागत रूपमा स्वीकार गरिएका विधाकेन्द्रलाई अस्वीकार गर्ने भएकाले यसले एउटै कृतिमा अनेकताको अन्तर्मिश्रण भई विधाविघटन हुने अवधारणा निर्माण गरेको छ । केन्द्र ज्ञान, दर्शन, सिद्धान्त र तŒव संरचनाको निर्माण हुने अवधारणा हो भने केन्द्रभञ्जन उपर्युक्त मान्यताको औचित्य समाप्त भइसकेकाले संरचनाका रूपमा परिभाषित र व्याख्येय कुनै पनि मीमांसा र दर्शन आदि आफैंमा नवकेन्द्रको अन्तर्मिश्रण भई निर्मित खुला अर्थयुक्त संरचना तयार गर्ने आधार हो (डेरिडा, सन् १९९२, पृ. १११८) । यस अर्थमा साहित्य अफैंमा केन्द्रविहीन रचना हो । यसको कुनै पनि विधागत अभिलक्षणको

उपस्थिति हुनु भनेको विधागत स्वायत्तताको आत्मगततामा आधारित रहने तर्क डेरिडाको रहेको छ । डेरिडाले प्रस्तुत गरेको केन्द्रभञ्जन संरचनावादबाट स्थापित भएको शब्दले निश्चित गर्ने अर्थ शब्दभन्दा बाहिरका सन्दर्भबाट पनि आउने अवधारणामा प्रस्तुत शब्दकेन्द्रवाद विरोधी अभिमतका रूपमा स्थापित विनिर्माणिक प्रक्रिया हो (बार्कर, सन् २०००, पृ. ७३) । साहित्यमा विधाविनिर्माणको आधार सृजनात्मक अभिवृत्तिको पुष्टिका लागि सर्जकले प्रयोग गर्ने पद्धति र भाषिक प्रकार्यबाट निर्देशित छ । विधाविनिर्माण परम्परित पहिचान, एकत्व र उपस्थितिका भाष्यलाई उल्टाई अनुपस्थिति, अनिश्चय र बहुलतालाई स्थापित गरी केन्द्रको अवधारणालाई ध्वंश गर्ने विनिर्माणिक प्रक्रिया हो (गौतम, २०५९, पृ. ३२२) । विधाविनिर्माण सृजनात्मक अभिवृत्तिको पृष्ठपोषणका लागि स्रष्टाले प्रयोग गरेको विषय, सन्दर्भ, दर्शन, तर्क, धारणा, मान्यता, विश्वास आदि विषयमाथि केन्द्रीकृत अन्तर्निष्ठ दृष्टिकोणमा अवशिष्ट रहेको रचनाशैलीको बन्धनबाट मुक्त गरी ती मान्यताको स्वतन्त्र पठनतर्फ पाठक र सर्जकलाई प्रवृत्त गराउने प्रयोजनका लागि अवलम्बन हुने विषय हो ।

साहित्य सैद्धान्तिक रूपमा नयाँ प्रयोगशील विषय रहेकाले यसमा पुनराविष्कार र संशोधन भइरहने हुँदा परम्परागत संरचना र अर्थकेन्द्री मन्यताका स्थानमा बहुल विषयले प्रवेश पाउँदै जाने क्रम नै विधाविनिर्माणको विशेषता बनेको छ । विधाविनिर्माणको मूल आधारका रूपमा केन्द्रभञ्जन परम्परागत मान्यताका आधारमा निर्माण भएक भाष्यमा रहेका विभेद, भिन्नता र अनुपस्थितिको ज्ञानमीमांसालाई भञ्जन गरी केन्द्रविहीन संरचनाको स्थापना गरी परम्परित भाष्यलाई उल्टाउने विनिर्माणिक प्रक्रिया हो (थमसन, सन् २००६, पृ. ३०८) । विधाविनिर्माण पूर्वपरम्परामा स्वीकृत रहेका चार विधाको पारस्परिक अन्तर्सम्बन्ध र अन्तर्मिश्रणलाई अन्तर्पाठ, अन्तर्विषयकताका आधारसहित मूलविधाका रूपमा स्वीकृत भएका विधाभित्र अन्यविधा (मूलविधा कविता भनिएकोमा त्यसमा नाटक, आख्यान, निबन्ध, समालोचना आदि)को मिश्रण भएको पद्धति तथा कविताको कला र भावसौन्दर्यमा पारेको प्रभाव, तथा प्राप्तिसहित ती विधाको सार्वभौम उपस्थितिले सृजनविधामाथि पारेको प्रभावमाथि विमर्श गरी पाठको अवस्थाको विश्लेषण र मूल्याङ्कनका लागि दिशाबोध गर्ने विषय हो ।

विधाविनिर्माणले साहित्यका विषयमा पूर्व स्थापित सिद्धान्त र अर्थका सम्बन्धमा निर्माण भएको विश्वदृष्टिकोणलाई प्रतिस्थापन गरी विधागत सार्वभौमिकतालाई अस्वीकार गर्ने यस सिद्धान्तका सापेक्षमा सबै विधालाई सहकारी एकाइको परिभाषाबाट स्वतन्त्र एकाइमा रूपान्तर गरेको छ । साहित्यिक सन्दर्भमा विधिवघटन जीवनजगत्लाई अर्थ र अर्थलाई भाषिक प्रतीक संरचनाले प्रतिनिधित्व गरी संरचना र अर्थ नै पारस्परिक केन्द्रीय अर्थका द्योतक रहने संरचनावादी मान्यताका विपरीत कथ्यअर्थ, विषयवस्तु वा सन्देश संरचनाको आधीन नरहने स्वतन्त्र विषय हुन् भन्ने विनिर्माणिक प्रक्रिया हो (त्रिपाठी, २०६५, पृ. ६२९) । साहित्यमा विधाविनिर्माण पूर्वपरम्पराले स्वीकृत गरेका चार विधाको पारस्परिक अन्तर्सम्बन्ध र अन्तर्मिश्रणलाई अन्तर्पाठ, अन्तर्विषयकताका आधारसहित मूल विधाका रूपमा स्वीकृत भएका विधाभित्र अन्यविधा (मूल विधा कविता भनिएकोमा त्यसमा नाटक, आख्यान, निबन्ध, समालोचना आदि) को मिश्रण भएको पद्धति तथा यसले कविताको कला र भावसौन्दर्यमा पारेको प्रभाव, तथा प्राप्तिसहित ती विधाको सार्वभौम उपस्थितिले सृजनविधामाथि पारेको प्रभावमाथि विमर्श गरी पाठको अवस्थाको विश्लेषण र मूल्याङ्कनको मार्गप्रशस्त गर्दछ । सङ्केतक र साङ्केतित अर्थकेन्द्र साहित्यिक विधाकेन्द्रलाई स्थापित गर्ने प्रमुख आधार रहे पनि साहित्यिक विधामा विद्यमान बहुलतालाई स्वायत्त पठन गर्ने हो भने सबै विधा विधाकेन्द्रको परम्परित सङ्कथनभन्दा भिन्न विधागत अभिलक्षण भएका पाठमा रूपान्तर हुन्छन् (अत्किन्स, सन् १९८३, पृ. ८१) । विनिर्माणको प्रक्रियाका रूपमा विधाविनिर्माणको विषयको स्थापनापूर्व साहित्यका विधा, प्रत्येक विधाका आ–आफ्नै विधागत स्थापत्य कलामूल्यका साथै आङ्गिक संरचना तथा ती संरचनाविधानका विषयमा स्थापित रहेको विश्वदृष्टिकोणका आधारमा साहित्यको विवेचना र मूल्यनिर्णयात्मक प्रणालीको समेत विघटन भएको छ । साहित्यिक सन्दर्भमा विधा तथा एक विधामा अनेक विधाको विधागत उपस्थिति केन्द्रभञ्जन हो भने यसले एक विधामा अनेक

विषयको उपस्थितिलाई स्वायत्त पठनका माध्यमबाट भिन्न विधागत अभिलक्षणका आधारमा हेरिनुपर्ने अवधारणा राख्दछ (गौतम, २०७९, पृ. १५१) । विनिर्माणको सिद्धान्त र विनिर्माणको प्रक्रियाले परम्पराभिन्न दृष्टिकोणको स्थापना गरी विधागत कलामूल्यका आधारमा निर्धारण गरिएका विषयलाई विस्थापित गरी सबै प्रकारका कलात्मक भाषिक रचनालाई एकै दृष्टिबाट हेर्नुपर्ने सिद्धान्तको विकास गरेको छ । यस अवधारणाका आधारमा *हिमालमुनिको गाउँ* उपन्यास बहुविधात्मक सौन्दर्यको अन्तर्मिश्रण भई रचना भएको कृति हो । यस कृतिमा प्रस्तुत बहुविधात्मक स्वरूप र अभिलक्षणको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**नतिजा र विमर्श**

प्रस्तुत हिमालपारिको गाउँ उपन्यास आख्यानमा कविता, नाटक र निबन्धको विधामिश्रण भई संरचित छ । यस उपन्यासको संरचना विभिन्न उपशीर्षकमा विभाजन गरी तिनमा विधागत अभिलक्षण नै भिन्न भएका विधाको प्रयोग गरी कृतिको रचना भएको छ । यस उपन्यासको रचना अस्तित्व, शब्दबिम्ब, लयसँग, अभिनयसँग, कथनसँग, विचारसँग र पुनः छुटजस्ता सात परिच्छेदमा विभाजन भएको छ । यस उपन्यासमा सिर्जनात्मक विधासँग आख्यानको सम्बन्धलाई जोडी कृतिको रूपाकृतिगत आयामलाई बिस्तार गर्ने क्रममा आएका यी सात परिच्छेदको विशेषता र रचनाशिल्प परस्परमा एकअर्कासँग अमिल्दा छन् भने यिनलाई आख्यानसूत्रसँग जोड्ने झिनो कलात्मकता भन्नु नै हिमालमुनिको गाउँसँग सम्बन्धित परिवेश तथा त्यसको द्रष्टाको भूमिका निर्वाह गर्ने समाख्याताप्रदत्त ‘म’ पात्र हो । यी दुई विषयका अतिरिक्त यस उपन्यासको सिर्जनात्मक विशेषता आख्यानभन्दा पृथक् विधाको विधागत स्वायत्तता, सार्वभौमिकताका निकट छन् भने उपन्यासको संरचनात्मक ढाँचालाई नियाल्दा यो कृति एउटा स्थानविशेषलाई केन्द्रमा राखी त्यहाँ विद्यमान बहुलतालाई समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरिएको समालोचनाको सौन्दर्य प्रस्तुत गर्न समर्थ छ ।

प्रस्तुत उपन्यासमा कविता, नाटक, निबन्ध र समालोचनाको विधामिश्रण भएको छ । यस उपन्यासको रचनाका क्रममा हिमालमुनिको गाउँ भनिएको परिवेशमा उपस्थित भएको समाख्याताले त्यहाँको पर्यावरणीय आनन्दका साथै उक्त परिवेशमा भएका विषयको प्रस्तुतिका लागि समाख्याताले लयसँग, अभिनयसँग, विचारसँग शीर्षकमा प्रस्तुत गरेका अवधारणा कविता, नाटक र निबन्धको विधामिश्रण हो । यस उपन्यासमा मिश्रण भएका विधाको विधागत सौन्दर्यको संश्लेषणका क्रममा ती विधाका विधागत अभिलक्षणको सार्विक विशेषतामाथि भएका निर्णयात्मक र निष्कर्षात्मक टिप्पणी प्रकारान्तरले समालोचनालाई पुष्टि गर्ने आधार बनेका छन् । यस उपन्यासको संरचना आख्यानात्मक गद्यको सार्विक विशेषताका आधारमा निर्माण गरिए पनि यसको प्रस्तुतीकरणको ढाँचा उपन्यासको विधागत अभिलक्षणभन्दा आख्यानइतरका विधाको विधागत अभिलक्षणका निकट छन् । यस उपन्यासमा ‘लयसँग’ उपशीर्षकमा आख्यानको प्रस्तुतीकरण पूरै कथा र गीतको मिश्रण भई संरचित छ । यस खण्डमा प्रयोग भएका गीतमा लयगत विविधताको उपस्थिति छ । गीतका माध्यमबाट आख्यानको प्रस्तुति भएको यो खण्ड कथात्मकता र गीत्यात्मकता दुवै विधाका विधागत अभिलक्षणका आधारमा अध्ययन गर्नसकिने खुला पाठ बनेका छन् ।

प्रस्तुत उपन्यासमा निबन्धात्मकताको अभिव्यञ्जना हुने आधार प्रथमतः यसको रचनाका क्रममा प्रयुक्त ‘विचारसँग’ उपशीर्षकले पुष्टि गर्दछ भने यसका अन्तर्यमा प्रयोग भएका निजात्मक अनुभूतिको प्रकटीकरण गर्न निबन्धात्मक ढाँचाका साथै विचारप्रधान अभिव्यक्तिले पुष्टि गर्दछन् । यस उपशीर्षकको आख्यानात्मक पद्धति निबन्धात्मक छ भने यसमा प्रस्तुत भएका वैयक्तिक अनुभूतिप्रधान निजी विचारका कारण यसको विधागत सौन्दर्य पनि प्रभावित भएको छ । यस उपन्यासको यो खण्ड निबन्धको आग्रहप्रधान सौन्दर्याभिव्यक्तिलाई प्रकाशित गर्नका लागि विचारलाई उपयोग गरिनु आख्यानको आवरणमा निजात्मकतालाई प्रश्रय दिनु नै हो । नेपाली उपन्यास परम्परामा आख्यानको विघटन गरी अनेक विधाको विधागत अभिलक्षण भएका सृजनात्मक सौन्दर्यलाई प्रश्रय दिनु विधामिश्रणको परिचायक हो भने यो विषयको प्राप्ति *हिमालमुनिको गाउँ* उपन्यास हो । यस उसन्यासको रचनाका क्रममा

पूर्ववत् अभिव्यक्त भएका दृष्टिकोणलाई संश्लेषण गरी तिनका अभिलक्षणलाई आप्तवाक्यका रूपमा प्रयोग गरी समालोचनात्मक विशेषता भएका सन्दर्भको पनि प्रयोग भएको छ । यसप्रकार प्रस्तुत हिमानमुनिको गाउँ उपन्यास आख्यानमा कविता, नाटक, निबन्ध र समालोचनासमेतको मिश्रण भई विधा विनिर्माण भएको कृति रहेको विषयमा तलका सन्दर्भमा विश्लेषण भएको छ ।

**हिमालमुनिको गाउँ उपन्यासमा काव्यिकता**

प्रस्तुत हिमालपारिको गाउँ उपन्यासको दोस्रो परिच्छेदको शीर्षक लयसँग राखिएको छ । यस शीर्षककै आधारमा यो विषय प्रष्ट हुन्छ कि यो आख्यानको आवरणमा औपन्यासिक कथ्यलाई लयात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको कृति हो । लय कविताको स्थानिक तत्त्व हो । कवितालाई साहित्यका अन्य विधाबाट पृथक् तुल्याउने विभेदक अभिलक्षण नै लय रहेकाले उपन्यासमा लयात्मकतालाई स्थापित गरी कथ्यविषय र सन्देशको अभिव्यञ्जना गर्नु निश्चितै आख्यानमा कविताको विधामिश्रण हो । प्रस्तुत उपन्यासको तेस्रो परिच्छेदको पृ. १६–२७ का अधिकतर सन्दर्भको निर्माण आख्यानमा काव्यिक विशेषता भएका विभिन्न संरचनात्मक आयाम भएका विधाको विधागत उपस्थिति भएको छ । यस उपन्यासमा काव्यिक अभिवृत्ति भएका भावलाई प्रस्तुत गर्नका लागि 'लय' उपशीर्षकको प्रयोग भएको छ । आख्यानात्मक विधाको उपविधा रहने आख्यानमा लयको उपस्थिति साहित्यिक सौन्दर्य र विशेषताका आधारमा आख्यानमा कविताको विधामिश्रण हो । यस उपन्यासमा आख्यानात्मक अन्तर्वस्तुको निर्माणमा लयको महत्त्वपूर्ण भूमिका रहेको छ ।

साहित्यिक सौन्दर्यको अभिव्यञ्जनाका लागि लय/लयात्मकता काव्यिक विधाको स्थानिक तत्त्व हो । साहित्यमा कविता र गीतिविधालाई अन्य विधाबाट अलग तुल्याउने लय साहित्यिक सौन्दर्यको अत्युच्च रागात्मक अभिलक्षणको उत्कर्ष रहेको छ । मूलभूत रूपमा लय काव्यिक सौन्दर्य निर्माण गर्ने आधार रहेकाले यसले सिर्जना गर्ने साङ्गीतिकता, अन्तर्साङ्गीतिकता र गेयात्मक विशेषताका कारण नै यो काव्यिक र गीति सङ्कथनमा उच्चतम कलामूल्य स्थापित गर्ने माध्यम बनेको छ । लयका सम्बन्धमा निर्माण भएका सैद्धान्तिक अवधारणालाई संश्लेषण गर्दा मूलतः यो भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कृतिका चरण/पाउ वा पङ्क्ति हरफको गतिक्रम र यतिविधानबाट आरम्भ भई सुरको आरोह–अवरोह एवम् सङ्कुचन र व्यापकीकरणको क्रमद्वारा अनुशासित तुल्याउने माध्यमका साथै पाठमा समान औच्चार्य वर्णहरूको पुनरावृत्ति, भाषिक व्यवस्थामा हुने विराम, आघात, अन्तराल, मौनताजस्ता व्यवस्थाबाट सिर्जना हुने गद्य र पद्यलाई परस्परमा भिन्न तुल्याउने विभेदक संरचक घटक हो (त्रिपाठी, २०४६, पृ. १८, गौतम, २०७६, पृ. ५७५, गौतम, २०६९, पृ. १०५, थापा, २०६६, पृ. ५१, एटम, २०७४, पृ. २०४, अब्राम्स, सन् २००७, पृ. १६०, कडन, सन् २०१३, पृ. ६११, चाइल्ड र फाउलर, सन् २००६, पृ. २०८, मुलर, १९५३, पृ. २०५, बुटिन, सन् २००२, पृ. १७, बल्डिक, सन् २००५, पृ. २१८) । काव्यिक र गीति सङ्कथनलाई अन्य विधाबाट अलग गरी विशिष्ट कलामूल्य स्थापित गर्ने लयका कारण साहित्यिक विधामा स्वच्छन्द गायन गरिने विधाका रूपमा कविता/गीतको पहिचान स्थापित भएको हो । प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासमा आख्यानमा कविताका लघुत्तम संरचनाका साथै प्रगीतात्मक संरचनाविधान भएका रचनाको प्रस्तुति भएको छ । यस उपन्यासमा आख्यानमा निम्नलिखित हाइकुको काव्यिक संरचनाको मिश्रण भएको छ :

धर्तीको यात्रा
नदीझैं बग्दा जीवन
फुट्छ सुस्केरा ! (शर्मा, २०७७, पृ. १६)

प्रस्तुत कविता *हिमालमुनिको गाउँ* उपन्यन्यासको कथ्यनिर्माणका लागि प्रयोग गरिएको हाइकु जापानी काव्यशैलीको कलात्मक भाषिकसंरचना हो । यो जापानी काव्यशैलीको कविता ढाँचा हो भने यसले उपन्यासले

ओगट्ने जीवनजगत्को विराट विषयअन्तर्गत जीवनमा लयको पनि अपरिहार्यता रहने पक्षको पृषठपोषणका लागि यसको प्रयोग भएको छ । संरचनात्मक दृष्टिले पाँच/आठ/पाँच वर्णको नियमित पुनरावृत्ति भएका पङ्क्तिबाट सिर्जना हुने हाइकु भावाभिव्यक्तिको न्यूनतम भावभूल्कोलाई काव्यिक अभिव्यक्तिका रूपमा प्रकट गर्ने माध्यम हो । उपन्यासमा प्रयोग भएको प्रस्तुत काव्यभेदमा नियमित संरचना र लयविभानको निर्वाह भएको छ । हाइकुको रचनाविधानअनुसार

प्रस्तुत उद्धरण नेपाली काव्यमा लघुत्तम रूप मानिने मुक्तकको संरचनाविधानभन्दा संरचनात्मक दृष्टिले एक पङ्क्ति कम हुने यो आफैंमा पूर्ण संरचना हो । यस उपन्यासको लयसँग उपशीर्षकमा प्रयोग भएका विषय र त्यसलाई गतिशील तुल्याउनका लागि प्रसतुत भएको यस हाइकुको प्रयोग उपन्यासको कथ्यनिर्माणका लागि सहयोगी सिद्ध छ भने यसको प्रयोगका कारण आख्यानका कविताको विधामिश्रण भएको छ । प्रस्तुत उपन्यासमा प्रयोग भएको हाइकु आख्यानमा नवीनता सिर्जना गर्नका लगि प्रयोग भएको नूतन शिल्प नभई यो आख्यानात्मक रचनाका लागि लयात्मक अभिलक्षणको आमन्त्रण हुनसक्ने सौन्दर्यात्मक पुनराविष्कारका लागि भएको छ । आख्यानमा कविताको विधामिश्रण भएको तथा त्यसको उपस्थिति प्रत्यक्ष भएको यस उपन्यासका यसप्रकारको मिश्रणयुक्त सौन्दरयात्मकताको प्रयोग विधागत अन्तर्मिश्रणका लागि भएको छ । यस उपन्यासमा प्रयेग भएको हाइकुको प्रयोग र प्रस्तुति साहित्यिक विधाबीचमा पारस्परिक आदानप्रदान भई साहित्यिक संरचना हुने संरचनावादी मान्यता विपरीत साहित्यिक संरचनामा भिन्न विधागत अभिलक्षण निश्चित विधागत सौन्दर्यको आधीन नभई एक पाठमा आएका भिन्न संरचनाका रूपमा अध्ययन गरिने सिर्जनात्मक सौन्दर्यका साथै एकै पाठमा आएका भिन्न पाठका रूपमा स्वायत्त अध्ययन गरिने खुला पाठ रहने विनिर्माणको दार्शनिकतासँग सम्बन्धित विषय रहेको छ ।

प्रस्तुत उपन्यासमा हाइकुको प्रयोगले आख्यानलाई काव्यिक तुल्याएको छ भने यसप्रकारको रचनाविधानका कारण विधा विनिर्माण भई पाठको निर्माण भएको छ । नियमित संरचनाविधान भएको यस उपन्यासमा प्रयुक्त हाइकु काव्यिक अभिव्यक्ति हो भने यसको प्रयोगका कारण आख्यान विधामा कविताको विधामिश्रण भएको छ । यस उपन्यासमा प्रयुक्त हाइकुका कारण यस कृतिको आख्यान सौन्दर्यको भञ्जन भएको छ । साहित्यिक विधासौन्दर्यका दृष्टिले कथानक र यसको आङ्गिक विन्यास, समाख्याता, आख्यानात्मक शिल्पप्रविधिको सम्यक् र सार्थक विन्यास हुने उपन्यासमा कथ्यविषयको आख्यानीकरणाका क्रममा काव्यिक रचनाको प्रत्यक्ष उपस्थितिका कारण यो कृति वर्णशङ्कर विशेषता प्राप्त रचनामा रूपान्तर भएको छ । यस उपन्यासको कथ्यविस्तार क्रममा निम्नलिखित सन्दर्भमा कविताको लघुत्तम भेद मुक्तकको प्रस्तुति भएको छ :

बिहानीको लालीकिरण सिउँदाबाट हरियो
निशा साथी बन्दा तरुण दिलमा घात भरियो
यता छोरा–छोरी सकल ममता नासिन गयो
मसानैको कालो विगुत विधवा जीवन भयो ! (शर्मा, २०७७, पृ. १७)

प्रस्तुत काव्यांश शिखरिणी छन्दमा संरचित मुक्तकाकार मुक्तकाकार रचता हो । यस काव्यिक संरचनामा य, म, न, स, भ शास्त्रीय गणव्यवस्था तथा अन्त्यका दुई वर्णमध्ये पहिलो लघु र दोस्रो गुरू रहने नियमित लयव्यवस्थामा आधारित रचना हो । काव्यिक सौन्दर्यात्मक कलाका दृष्टिले शास्त्रीय गायन गर्नसकिने यस कवितामा शब्लालङ्कारका रूपमा अन्त्यानुप्रासको स्वतस्फूर्त आयोजन भएको छ भने माधुर्यगुणप्रधान यस रचनामा वैदर्भी रीति तथा अर्थालङ्कारमा रूपक र दृष्टान्त अलङ्कारका साथै परम्परागत नारूजीवनमा पतिको मृत्युपछि सारा जीवन नरीले सन्तानको मुख हेरेर बस्नुपर्ने सांस्कृतिक विभेदको शिकार भएर बाँकी जीवन बिताउनुपर्ने नेपाली संस्कृति विरुद्ध व्यञ्जनात्मक प्रतिरोधका कारण विरोधाभास अलङ्कारको पनि उपस्थिति भएको छ । रस भावगत अभिव्यक्तिका रूपमा करुण रस समूर्तन रहेको यस कविता यस उपन्यासको अन्तर्वस्तु निर्माणका सन्दर्भमा प्रमुख पात्रको भूमिकामा रहेकी सानीदिदीको पतिको असामयिक निधन, सानीदिदीमा सन्तान र व्यवहारिक दायित्व तथा भावी जीवनको

त्रासदीपूर्ण अवस्था एवम् शृङ्गारिकता विहीन जीवनका कठिनाईलाई प्रस्तुत गर्ने सन्दर्भमा भएको छ। प्रस्तुत कविता उपन्यासको कथ्यविषयको गतिशीलतालाई निरन्तरता दिन समाख्याताले प्रस्तुत गरेको नेपाली समाजमा नारीजीवनको यथार्थ तथा सङ्घर्षलाई अभिव्यक्त गर्ने सन्दर्भमा आख्यान कै काव्यिक अभिव्यक्तिका रूपमा प्रस्तुत भएको छ। अउपन्यासिक कथ्यविषयको अख्यानीकरणको सौन्दर्यलाई सशक्त, सुन्दर, आकर्षक तथा सङ्क्षिप्त कथनमा विवाहित नेपाली नारी र तिनको जीवनसङ्घर्षको लामो अवधिका घटना तथा कुतुहलतालाई प्रस्तुत गर्नका लागि सटीक माध्यम बनेको यस कविताले आख्यानात्मक भावसौन्दर्यलाई आकर्षक तुल्याउनुका सबै आख्यान सिर्जनाका लागि काव्यिक शिल्प पनि सहकारी घटक रहने सक्ने तथा साहित्यक विधाबीच पारस्परिक आदानप्रदान नै प्रत्येक विधाको विधागत सौन्दर्य निर्माण गर्ने आधार रहेको पृष्ठपोषण गरेको छ। प्रस्तुत उपन्यासमा प्रयोग भएको यस कवितांशले साहित्यिक भावको प्रकटीकरणका लागि आख्यानमा कविताको उपस्थिति रहने विषयलई पुष्टि गरे पनि विनिर्माणको साहित्यसम्बन्धी दृष्टिकोणका आधारमा यो सहकार्यात्मक विधा नभई उपन्यासको विधा विनिर्माण गर्ने आधार हो। यस कविताको प्रयोगले यस उपन्यासको 'लयसँग' शीर्षक खण्डको आख्यानसौन्दर्यको विधटन भई काव्यिक र आख्यान दुवै सौन्दर्यका आधारमा अध्ययन गर्नसकिने विघटित सौन्दर्ययुक्त रचनामा रूपान्तर गरेको छ। यस उपन्यासलाई आख्यान्त्मक विशेषताबाट मुक्त गरी विघटित संरचना तुल्याउनका लागि उपर्युक्त कविताका साथै निम्नलिखित गीतको पनि भूमिका सशक्त रहेको छ :

'मनको पीर आँसु लुकाउँ–लुकाउँ लाग्यो
जिन्दगीको दुःखी कथा फुकाउँ–फुकाउँ लाग्यो
भन्न खोज्छु मनको कथा सुन्ने मान्छे छैन
सुस्केराको भाषा हजुर बुझ्ने मान्छे छैन !
छोराछोरी रुन्छन् हजुर यै मनमा घाउ
सास छन्जेल आस हजुर भागी कहाँ जाऊँ
दिन–रात चुहाउँदैछु पसिनाको धारो हजुर
तरै पनि हर छोपी पेट पाल्नै गारो हजुर !' (शर्मा, २०७७, पृ. १७)

प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासको 'लयसँग' उपशीर्षक विभिन्न प्रकारका काव्यिक र गीत्यात्मक अभिव्यक्ति तथा तिनको अन्तर्वस्तु उपन्यासको कथ्यसँग अन्वय भई संरचित छन्। प्रस्तुत गीति संरचना लोकलयमा संरचित छ भने यसको संरचना अघिल्ला ४-४ वर्णमा दुईपटक तथा त्यसपछिका सबै वर्णको पङ्क्तिका अन्त्यमा विराम हुने लोकभाकाको प्रयोग भएको छ। यस गीति संरचनाका अघिलला दुई पङ्क्ति स्थायी हुन् भने त्यसपछिको रचनाविधानमा प्रत्येक दुईपङ्क्तिका अन्तराको उपस्थिति भई आठ पङ्क्तिको गीतिसङ्कथन सिर्जना भएको छ। यो गीत्यात्मक अभिव्यक्ति नेपाली लोकभाकाको झ्याउरे छन्द मानिने भाका तथा नेपालका अधिकतरक्षेत्रमा गाइने यस लोकभाकाको प्रयोग उन्यासको समाख्याताले कथ्यविषयका साथै पात्रका मानिसकतामा रहेका भावात्मक र संवेदनशील परिवेशका साथै मनको वहलाई पोख्नका लागि कथ्यविषयकै निरन्तरताका रूपमा प्रस्तुत भएको छ। असमान वर्ण र अक्षरको प्रयोग भए पनि गीत्यात्मक साङ्गीतिकताका साथै तीव्र अन्तर्साङ्गीतिक प्रवाह भएको प्रस्तुत गीत उपन्यासको आख्यान सौन्दर्यलाई काव्यिक तुल्याउने प्रयोजनलाई सार्थक बनाउने माध्यम रहे पनि आख्यानसौन्दर्यको अभिव्यञ्जनाका दृष्टिले विधासौनदर्य र विधा विनिर्माणको आधार बनेको छ। नेपाली लोकजीवनमा पीडा, वेदना तथा आफूमाथि भएका शोषण, दमन, विभेद, उत्साह, आकाङ्क्षा, रति तथा आकर्षणको अभिव्यञ्जना गर्ने माध्यमका रूपमा लोकगीत जीवित र जीवन्त सम्पदाका रूपमा पुस्तान्तरण भई आएको लोकनिधि हो भने सामाजिक विषयको आख्यानात्मक प्रस्तुतीकरण भएको यस उपन्यासमा लोकभावनाको अभिव्यञ्जनाकै रूपमा गीतिसङ्कथनको प्रस्तुति भएको छ। यस उपन्यासको कथ्यविषयको निर्माण तथा पात्रका मानिसकतामा विद्यमान भावात्मकताको अभिव्यक्तिका लागि प्रस्तुत भएको यस नेपाली जनजीवनमा प्रत्येक मानसिकतामा रहेको भाकाको

उपस्थिति अख्यानसौन्दर्यमा थप कलात्मकता सिर्जना गर्नका लागि उपयोगी रहे पनि आख्यान संरचना तथा त्यसको सौन्दर्यात्मक प्राप्तिका दृष्टिले विधा विनिर्माणको आधार बनेको छ । प्रस्तुत उपन्यासमा आएको उपर्युक्त गीत कितमा सोद्देश्य प्रयोग भएको छ भने यसले यस कितलाई आख्यानप्रधान उपन्यास नभई आख्यान र गीत दुवै विधाका आधारमा पठन गर्नसकिने विवृत्त पाठमा रूपान्तर गरेको छ । यसका अतिरिक्त यस उपन्यासमा समान साङ्गीतिकता, विशषता तथा लयात्मकता भएका निम्नलिखितअनुसारका गीतका अंश तथा गीतिसङ्कथन विधा विनिर्माणका प्रमुख आधार र कारक रहेकाले यस सन्दर्भमा विश्लेषणीय छन् :

(१) गैरा बारी कोइरालो काटेको, जीवन रैछ घामछायाँ साटेको ।
.. कसो गरी यो मर्म फुकाउने, विरहलाई कसरी लुकाउने ... । (शर्मा, २०७७, पृ. १९)
(२) दुःखी कथा मनैमा बसेको, वर्षा मास यी आँसु खसेको
मनको प्रीति मनैमा रहेको, धोको छँदै मरेर गएको
छोराछोरी बन्धन जेलियो, विरहमा तिर्सना फैलियो
हाँस्छन् कति हातले मुख छोपी, विरहमा तातेको झिर रोपी (शर्मा, २०७७, पृ. १९)
(३) सग्लो ज्यान सुकेर खरानी, घरबार राम्रो भयो नि खरानी
मनको बल मायाको परान, समाज हेरी बटुलेँ तरान
माया खोजी यी आँखा रसाउँथे, छोराछोरी हाँसेर फकाउँथे
घरको दुःख कालले लाएन, सङ्घर्षमा मन घाइते भएन (शर्मा, २०७७, पृ. २०)
(४) आमाबाबा काखैमा खेलेको, हिजै लाग्छ डोलीमा चढेको
बिहे गर्दा राम्रै थे सपनि, मनको धोको पुनेन कैले नि
बुढी सासु त्यही वर्ष खसेकी, रित्तो घर मैं चेली फसेकी
मायाप्रीति घरबारै गाँसेर, बिते दिन लेकबेंशी हाँसेर
छोराछोरी भरियो घर पनि, गरिबीले चिमोट्यो मन पनि
धन खोज्न मन उड्यो चङ्गाझैं, हतारिँदै बगेकी गङ्गाझैं (शर्मा, २०७७, पृ. २०)
(५) घर धाने पौरख ल्याउँछु, गरिबीमा मलमै लाउँदछु
रिनको भारी बोकन गारो भो, मर्म–आँसु फुकाउनै साह्रो भो
खेल्थे मन पौरख देखाई, परदेसिए तमसुकै लेखाई
यो कलिलो छातीमा हात राखी, कसम थियो सम्झनी मर्छ कि
गरिबीको व्यथामा नुन हाली, हामी बसौं प्रीतिको फल गाँसी
यी रसिला पाखुरी समाउँदै, दुईचार वर्ष भनेथ्यौं हँसाउँदै (शर्मा, २०७७, पृ. २१)
(६) के पो भयो फूलजस्तो देहमा, मनको रोग झन् ठुलो रोगमा
टाढा लग्यो पैसाको तरानी, पाल्नै पर्ने स्क मुठी परानी
परदेशमा पौरख खोजेथ्यौ, धोका छँदै मरेर गइगयौ
छोराछोरी संसार खोजेर, माया मऱ्यो के गर्नु रोएर
बाबा खोजी ती आँखा रसाउँथे, दुःखी मनले हाँसेर फकाउँथे
दिन थिए आँसुले भिजेका, संसारको रित्तैमा हिँडेका (शर्मा, २०७७, पृ. २१)
(७) बाटो बिग्र्यो धिक्काऱ्यो मनले, छाती पोल्यो त्यो पापी धनले
कुरीतिले जेलेको जालमा, पस्न खोजेँ नदी र तालमा
आमा छैनन् न बाबु बाँचेका, शत्रुका ती आँख्ला हाँसेका
बोल्छन् छाती समाज उस्तै छ, दिनरात रुने मन जस्तै छ
अलच्छिनी टोकाही भनेर; बोल्छन् मेरो काम–कुरो गनेर

गालाभरि आँसुका डोब छन्, मनको लोभ नमर्ने रैछ झन्
माया थियो अस्तायो छातीमा, सपनीले घोच्दछ रातीमा
सोध्छ छायाँ सञ्चै छौ भनेर, बोल्छन् घाती उमेरै गनेर
खेत गयो बारी छ बन्दकी, कसो गरी काटूँ खै जिन्दगी
घरबार बिचल्ली पारेर, बित्यो जीवन जिउँदै मारेर (शर्मा, २०७७, पृ. २१–२२)

(८) फूलको रङ्ग घामले सोसेन, मनको रूप बर्सेनी उडेन
देख्न पाइन मुहार अन्तमा, आँसु पोखी के सम्झूँ गीतमा
मह रैछ संसार बाँचुञ्जेल, पसिनामा सिर्जना हाँसुञ्जेल
मनका दुःख नजाने रोएर, जिन्दगीलाई आँसुले धोएर (शर्मा, २०७७, पृ. २२)
(९) सकूँ म त हाँसेर बाँचन, छोराछोरी प्यारले पालन
समाज छ, मान्छे छन् उस्तै नै, बाँचेको छु कर्ममा जुटेरै
छोराछोरी हुर्काउँछु–बढाउँछु, ज्ञान छर्दै अघि पो बढाउँछु
जीवनको यस्तै छ रीत पनि, मन पोखेँ मर्मको गीत भनी (शर्मा, २०७७, पृ. २२–२३)

प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासको लयसँग उपशीर्षक अन्तर्गतका विभिन्न सन्दर्भ र जीवनवृत्तिसँग सम्बन्धित क्रमशः एकदेखि नौ क्रमसङ्ख्या भएका उपर्युक्त उद्धरणहरू सबै गीति संरचनामा संरचित छन् । उपन्यासको समाख्याताले अंशका रूपमा आएका यी गीत नेपाली जनजिब्रोमा सदियौंदेखि पुस्तान्तरण भएर आएका लोकभाका तथा लोकमानसमा सहजात रूपमा स्फूरण भएका भावमा आधारित भई सुरका माध्यमबाट जीवनजगत्मा अस्तित्वमा आएका कलात्मक सङ्कथन हुन् भन्ने विषयलाई दाबीका साथ प्रस्तुत गरिरहेको छ । यस उपन्यासमा प्रस्तुत भएको गीतमा कथ्य उच्चारणका दृष्टिले एघार वर्णको आवृत्तिबाट निर्मित पङ्क्ति तथा समान वासर्णक उच्चार भएका पङ्क्तिको नियमित पुनरावृत्ति भएको छ । यस उपन्यासका उपर्युक्त अंशमा लयात्मकता सिर्जना गर्नका लागि प्रत्येक दुई पङ्क्तिमा सन्तुलित अन्त्यानुप्रास योजनाका साथै प्रत्येक पङ्क्तिका चार, आठ र एघार वर्णोच्चारणमा विश्राम भई लयसिर्जता गर्ने गेयात्मक प्रविधिको प्रयोग भएको छ । यस उपन्यासका उपर्युक्त गीति कथनमा लयात्मकता सिर्जना गर्नका लागि समविषम स्वर–व्यञ्जनवर्णगत वर्णको सन्तुलित र सम्यक आवृत्ति भएको छ भने समध्वन्यात्मक उच्चार भएका वर्णको नियमित क्रममा पुनरावृत्ति भई समानान्तरताको समेत यथोचित् पालना भएको छ । उपर्युक्त गीतिकथन मध्येको पहिलो उद्धरणका पहिला दुई पङ्क्ति अन्त्यमा 'काटेको र साटेको' तथा पछिल्ला दुई पङ्क्तिका अन्त्यमा 'फुकाउने र लुकाउने' शब्दका पहिलो वर्णका अतिरिक्त अन्य वर्णको आवृत्ति र तिनको परिवेश समान रूपमा घटित भई समानान्तरता सिर्जना हुनुका साथै तिनको प्रयोग र प्रस्तुतिका कारण सृजित लयात्मकताले यस उद्धरणलाई गेयात्मक र अन्तर्साङ्गीतिक तुल्याएको छ ।

उपर्युक्त गीतिकथनअन्तर्गत दोस्रो उद्धरणका चारै पङ्क्तिका अन्त्यमा प्रयोग भएका 'बसेको, खसेको, रहेको र गएको' शब्दमा आउने समान स्वर–व्यञ्जन वर्णगत आवृत्तिले समानान्तरता सिर्जना लयको निर्माण गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ भने यसै उद्धरणका पछिल्ला चार पङ्क्तिमा आएका 'जेलियो, रोपियो, छोपी र रोपी' शब्दको निर्माणमा आएका विभेदक अभिलक्षण बाहेकका अन्य आधार वर्णको समान स्थानमा आवृत्तिका कारण आङ्कारिकता एवम् गीत्यात्मकता सिर्जना भएको छ । साहित्यिक विधाअन्तर्गत काव्यिक सङ्कथन निर्माण हुनका लागि वार्णिक, वर्णमात्रिक र मुक्तलयमा सृजित रचनामा लयात्मकता सिर्जना गर्ने प्रमुख आधार समान वर्ण, शब्द, उपवाक्य, वाक्य, पङ्क्ति तथा अनुच्छेदको पुनरावृत्तिका साथै तिनको सम्यक् आवृत्तिबाट निर्माण हुने आन्तरिक निनाद, अन्तर्संसङ्गीत तथा यिनको अन्वयबाट सिर्जना हुने लयका दृष्टिले यी गीत्यात्मकता सिर्जना गर्ने आधार हुन् । लय

साहित्यका अन्य विधाबाट कविता/गीतलाई अलग तुल्याउने विभेदक अभिलक्षण हो । लय निर्मापक घटकका रूपमा नियमित वर्ण, शब्द र पदावलीको प्रयोग, तिनको सम्यक् र नियमित आवृत्ति र त्यसबाट सृजित आलङ्कारिकता माथि उल्लेख भएका उपन्यासका गीतिकथनमा पनि सन्तुलित रूपमा विन्यास भई लयात्मकतालाई आकर्षक उचाइ प्रदान गरेका छन् ।

प्रस्तुत उपन्यासमा 'लयसँग' उपशीर्षकमा प्रस्तुत भएका कथ्यविषयको प्रस्तुतीकरणका क्रममा आएका गीत्यात्मक अभिव्यक्तिअन्तर्गतको तेस्रो, चौथो, पाँचौं, छैटौं, सातौं, आठौं र नवौं कथनको निर्मिति पनि पूर्ववत् पहिलो र दोस्रो कथनकै सापेक्ष समान वर्ण, शब्द तथा पदावलीको नियमित आवृत्ति भई सिर्जना भएको छ । यी सबै कथनको रचना एघार वर्णको एक पाउ हुने लोकभाका, प्रत्येक पङ्क्तिमा अन्त्यानुप्रासयुक्त तुकबन्दीको विधान, मानवीय संवेग र विरहको व्यवस्थापन गरी आमन्त्रण गरिएको भावविधान, लोकजीवनमा मानसिक शान्ति र विरह पोख्ने माध्यमका रूपमा गाइने र गुन्गुनाइने कलात्मक अभिव्यञ्जनाका रूपमा चयन भएको अन्तर्वस्तु तथा त्यसलाई सुहाउँदो परिवेश एवम् समान वर्ण र शब्दको आवृत्तिबाट सृजित समानान्तरताले तीव्र साङ्गीतिकता सिर्जना गरेको छ । उपन्यासको कथ्यविषयको निर्माण र गतिशीलताका लागि चयन गरिएको गीत्यात्मकता यस कृतिमा गरिएको नयाँ प्रयोगको आग्रहका साथै जीवनजगत्को विराटतालाई प्रतिबिम्बन गर्ने कृतिमा आख्यानीकरण मात्र नभई विषउगजन्य परिवेशको प्रस्तुतिका लागि उपयुक्त माध्यम मानिने गीत वा लय पनि समावेश हुनुपर्दछ भन्ने कृतिगत आग्रह पनि हो ।

प्रस्तुत उपन्यासको एक खण्ड 'लयसँग उपशीर्षकमा संरचित छ भने कथ्यविषयको प्रस्तुतिका क्रममा समाख्याताले असमान अर्थिक वितरण भएको सामाजिक निर्मितिमा वर्गीय शोषणको मारमा परेका नागरिक तथा त्यसभित्र पनि परम्परागत संस्कृतिका कारण एकल जीवन, पारिवारिक दायित्व तथा सामाजिक संस्कृतिको कडा पहरेदारीमा बस्तुपर्ने सानीदिदीका मानसिक व्यथा र विरहलाई प्रस्तुत गर्ने माध्यमका रूपमा आएका उपर्युक्त गीतिकथन आख्यानात्मक कथ्यनिर्माणका लागि प्रयोग भएका छन् । यस उपन्यासको आख्यानीकरणका क्रममा संवेगात्मक घटनाको प्रस्तुतिका लागि प्रयोग भए पनि उपन्यासमा यी गीतको उपस्थिति साहित्यिक विधामा आख्यानको विधा विनिर्माण गर्ने आधार हो । उपन्यासमा जीवनजगत्को पूर्ण पक्षको चित्रण हुन्छ । जीवनजगत्को विराटतालाई चित्रण गर्ने क्रममा लय स्वाभाविक रूपमा आउन सक्ने भए पनि ती आख्यानको आवरणमा अन्तर्गर्भित भई अभिव्यक्त हुनु यसको विधागत अभिलक्षण हो । आख्यानमा लयगत निर्मिति आख्यानीकरणकै क्रममा प्रयोग हुने विधासैद्धान्तिक अवधारणा रहे पनि प्रत्यक्ष रूपमा गीतका माध्यमबाट कथ्यविषयको संरचना गरिनु विधा विनिर्माणको प्रत्यक्ष प्रमाण हो । यस उपन्यासमा जीवनजगत्को विराटताको अभिव्यञ्जनाका लागि लयलाई नै अलग्गै उपशीर्षक चयन गरी त्यसमा पात्रका मानसिकतामा विद्यमान संवेगात्मक परिवेशको प्रकटीकरणका लागि मूलखण्डमै गीति संरचनाको प्रयोग गरिनु आख्यानको स्वायत्त र सार्वभौम विधागत सौन्दर्यको अतिक्रमण हो । आख्यानमा लयात्मकताको आमन्त्रणका कारण प्रस्तुत उपन्यासको काव्यिक विधायन भई विधा विनिर्माण भएको छ । यसै गरी यस उपन्यासमा आएको काव्यिक कथनले पनि विधा विनिर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

आमाहरू ! छोराछोरी जीवन यात्रा हुन् !
पिताहरू ! छोराछोरी जीवन यात्रा हुन् !
प्रत्येक छोराछोरी पिता–माता हो !
प्रत्येक छोराछोरी जीवन यात्रा हो !
वर्तमानको क्रियाशीलता वर्तमानको संरचना हो !
संरचनामा जीवन भरेर थुप्रै मनहरू
क्रियाशील छन्– जीवन यात्रामा !"(शर्मा, २०७७, पृ. २७)

प्रस्तुत उद्धरण आख्यानमा काव्यिक सौन्दर्यात्मक कथनको अन्तर्मिश्रण भएको सन्दर्भ हो । यस सन्दर्भमा मानव संस्कृति र त्यसको निरन्तरताका लागि अवलम्बन गरिने जैविक क्रियाकलाप तथा संस्कृतिनिष्ठ कर्तव्य पालनसँगै पारिवारिक निर्मितिको स्वरूप चित्रण गर्ने क्रममा कथ्यविषयको काव्यीकरण भएको छ । प्रस्तुत काव्यिक अभिव्यक्ति उपन्यासको समाख्याताप्रदत्त 'म' पात्रका माध्यमबाट प्रस्तुत भएको छ । यस उपन्यासको 'म' पात्र हिमालमसतिको गाउँको गतिशीलताका लागि व्यक्ति, परिवार, समुदाय र समाजको अपरिहार्यता, पारिवारिक निर्मितिका लागि आमा, बाबु, छोराछोरीको सांस्कृतिक अनिवार्यता, समाजमा द्वन्द्वात्मक परिवेश तथा पारस्परिक सङ्घर्ष एवम् व्यक्तिको संस्कृति र समाजसँगको अन्तर्सङ्घर्षका विषय यसक काव्यिक अभिव्यक्तिका माध्यमबाट प्रस्तुत भएका छन् । यस कथनको संरचना कवितात्मक र मुक्तलयमा संरचित छ । यस कथनमा काव्यिक अन्तर्साङ्गीतिकता सिर्जना गर्नका लागि लयनिर्मापक एकाइको सन्तुलित र सम्यक् प्रयोग भएको छ । प्रस्तुत कथ्य एक अनुच्छेद र सात पङ्क्तिमा संरचित छ भने यसको पहिलोदेखि छैटौं पङ्क्तिको रचना पाँच तथा सातौं पङ्क्ति चार शब्दमा संरचित छ । यस कथनमा आमा, पिता, छोराछारी, जीवनयात्रा शब्द तथा यी शब्दको निर्माण गर्ने वर्णको सर्वाधिक पुनरावृत्ति भएको छ ।

प्रस्तुत काव्यिक कथनमा पहिलोदेखि पाँचौं पङ्क्तिसम्म पूर्ण वाक्यात्मक संरचना तथा अन्तिमका दुई पङ्क्तिको रचना एक वाक्यको आलङ्कारिक विचलन भई संरचित छन् । यस कथनमा पूर्ण वाक्य भए पनि कुनै पनि पूर्णविरामको प्रयोग भएको छैन भने वाक्य समापन र सम्बोधनका क्रममा आठवटा विस्मयादिबोधक चिह्नको प्रयोग भएको छ । दुईवटा योजक चिह्नको प्रयोग भएको यस कथनमा चौंतीस शब्द छन् । समान वर्ण, पद, पदावलीको नियमित आवृत्तिबाट सृजित साङ्गीतिकता यस कथनको लगात्मक प्राप्ति हो । प्रस्तुत उपन्यासमा कथ्यप्रस्तुतिका लागि प्रयोग भएको मुक्तलयको यस काव्यिक सन्दर्भले यस कृतिलाई कवितात्मक आख्यान तुल्याउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । साहित्यिक विधासिद्धान्त र सौन्दर्यशास्त्रले सामान्य व्यवहारिक, व्याकरणनिष्ठ र प्रयोजनपरक भाषिक भेदभन्दा भिन्न विचलनयुक्त आलङ्कारिक भाषाबाट सृजित कलात्मक अभिव्यक्ति हुनुपर्ने मान्यता स्थापित गरी यसको विधाविधाजन र प्रत्येक विधाका विधागत अभिलक्षण निर्माण गरेको छ । लयात्मकता कविताको विभेदक अभिलक्षण हो भने आख्यानमा लयको आमन्त्रण विधा विनिर्माणको कारक हो । यस उपन्यासमा प्रस्तुत भएको उपर्युक्त काव्यिक कथनले आख्यानको स्वायत्तता समाप्त गरी आख्यान र कविता दुई विधाको अन्तर्मिश्रणबाट सृजित विधाखिचडीलाई स्थापित गरेको छ । उपन्यास रचनाका लागि लयलाई कथ्यविषयको माध्यम बनाइनु आख्यानको सार्वभौम र स्वायत्त अभिलक्षणको भञ्जन हो भने हिमालमुनिको गाउँ उपन्यास औपन्यासिक विधागत प्राप्तिका दृष्टिले बहुल विधागत निर्मिति भएको विघटित पाठ हो । प्रस्तुत उपन्यासलाई विघटित रचना तुल्याउनका लागि काव्यिक लयका साथै निबन्धीय विचारतत्त्वको भूमिका पनि सशक्त रहेको छ ।

**हिमालमुनिको गाउँ उपन्यासमा निबन्धात्मकता**

विचार निबन्धको केन्द्रीय तत्त्व हो भने निजी अनुभूतिका रूपमा अङ्कुरित विषयलाई प्रकाशन गरी साहित्यका अन्य विधाबाट यसलाई भिन्न तुल्याउने तत्त्वका रूपमा यसलाई लिइएको हो । साहित्यमा विचारको अस्तित्व सबै विधाका लागि अपरिहार्य रहे पनि पाठकसँग निकटस्थ सम्बन्ध निर्मितिका दृष्टिले यो निबन्धका लागि सबैभन्दा उपयुक्त रहेको छ । साहित्यिक विधामा पाठक/श्रोता निरपेक्ष सम्बोधकको उन्मुक्त गायन हुने कविता, पात्रको अभिनयका माध्यमबाट पाठक/श्रोता/दर्शक/भावकसँग जोडिने नाटक तथा समाख्याताका माध्यमबाट कथ्यसन्देशको अभिव्यक्ति हुने आख्यानभन्दा भिन्न आफ्ना विचारमार्फत् पाठकसँग सिधै जोडिने भएकाले निबन्ध पाठक निकटको साहित्यिक विधा मानिन्छ भने यसको केन्द्रीय संरचक घटकका रूपमा विचारको अनिवार्यता रहन्छ । निबन्धतत्त्वका रूपमा विचारको महत्त्व र भूमिकाका विषयमा भएका विमर्शलाई संश्लेषण गर्दा मूलभूत रूपमा विचार असीमित विषयको आत्मप्रकाशन र निजी अनुभूति प्रकटीकरणको माध्यम, वस्तुजगत्को सम्पूर्ण पक्षलाई प्रतिबिम्बन गर्ने प्रत्ययकारी अभिलक्षण, विधातात्त्विक दृष्टिले निबन्धको मेरुदण्ड, दृष्टिकोणप्रधान अभिव्यक्तिको अभिव्यञ्जनाका साथै सामाजिक

पक्षको धरातलमा व्यक्तित्वको निर्माण तथा व्यक्तित्वकै सापेक्ष सामाजिक चिन्तनको प्रस्तुतीकरण हो (क्लाउस, सन् १९९४, पृ. ६, शर्मा, २०५५, पृ. ५०२, सुवेदी, २०५७/०५८, पृ. ११, शर्मा, २०६८, पृ. ५१८, सुवेदी, २०६४, पृ. ३२) । जीवनजगत्सँग सम्बन्धित विषयप्रतिको स्वतन्त्र दृष्टिकोण राख्ने माध्यम रहेकाले निबन्धको अन्तर्वस्तु निर्माणमा विचारको भूमिका सर्वोपरि रहने गर्दछ । प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासको एउटा खण्ड नै 'विचारसँग' राखिएको छ । जीवनजगत्को विराटतासँग प्रत्यक्ष जोडिने विषय विचार पनि हो भन्ने पक्षका आधारमा राखिएको उपशीर्षक र त्यसमा समावेश भएका विषयगत प्रस्तुति निबन्धात्मक रहेको छ । उपन्यासमा विचारतत्त्वको प्रधानताका आधारमा विधा विनिर्माण भएको अंशका रूपमा निम्नलिखित सन्दर्भ व्याख्येय छ :

> हिमालमुनिको गाउँमा असार रोपिन्छ, मङ्सिर फल्छ वा असार भिज्छ र मङ्सिर सुक्छ । दुःखसुखको यात्रामा दसैं फुल्छ, फक्रिन्छ अनि हिउँद झर्छ र सिख्रिन्छ । यी सबैभित्र हिमालमुनिको गाउँमा जीवन क्रियाशील बन्छ । यिनीहरूको पहिलो कार्य पेटसित जोडिएको छ । पेटकै सन्दर्भमा अनेक कार्य बनेका छन् । पेटपालाका लागि उनीहरू व्यस्त छन् । हिमालमुनिका गाउँमा हतारो र चटारो लिएर वर्ष ऋतु आउँछ । फुर्सत सुख र ......... लिएर हिउँद ऋतु आउँछ । गाउँलेहरू "हिउँदलाई पनि के सुख भन्ने र वर्षालाई साँच्दासाँच्दैमा गइहाल्छ" भन्छन् । हिमालमुनिका गाउँमा आफ्नै प्रकृतिमा मानव संस्कृति विशिष्ट छ (शर्मा, २०७७, पृ. १०५) ।

प्रस्तुत सन्दर्भ *हिमालमुनिको गाउँ* उपन्यासको 'विचारसँग' उपशीर्षकमा आएको विचारप्रधान कथन हो । यस कथनमा उपन्यासको आख्यानीकरणका सन्दर्भकम चित्रण भएको नेपाली परिवेश तथा यहाँको जीवनजगत्को विषयमा सम्बोधकले आफ्ना विचार प्रस्तुत गरिरहेको छ । प्रस्तुत अंशमा हिमालमुनिको गाउँको विविधताको प्रतिनिधित्व र पहिचान भएको परिवेश रहेकाले विविधताकै अन्तर्यमा यहाँका मान्छेको जीवनसङ्घर्षभित्र अन्तर्भूत नियमित र व्यस्त कार्यतालिकासम्बन्धी वास्तविक विषयको अभिव्यञ्जना विचारका रूपमा प्रस्तुत भएको छ । उपन्यासको प्रस्तुत अंशमा विविधतापूर्ण पहिचान भएर पनि आम नेपालीको साझा संस्कृतिका रूपमा श्रम, विपन्नता, आधारभूत आवश्यकता, जिजीविषा र नियमित जीवनयापनका सन्दर्भको अभिव्यक्ति भएको छ । हिमालमूनिको गाउँको आन्तरिक र अभ्यन्तरित यथाथैलाई नियालेको सम्बोधकले गाउँमा स्थापित शोषण र असमानताको आधार सिङ्गो समाज परम्परागत संस्कृतिको आधीन तथा सङ्घर्षपूर्ण प्रतिकूलता रहँदारहँदै पनि यसको आनन्दलाई नियतिका रूपमा लिई आत्मसात् गरिसकेका मानिसका लागि असार र मङ्सिरको बाँच्नुको यथार्थसँग जोडिएको व्यस्तता दशैंको उल्लास र आनन्दमा पनि उत्तिकै महत्त्व तथा हिउँद ऋतुमा पनि बर्खे जोहोका लागि समर्पण गर्नुपर्ने जीवनशैलीलाई प्रस्तुत गरेको छ । हिमालमुनिको गाउँको भौगोलिक, आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक र जीवनचैचन्यलाई नजिकबाट नियालेको सम्बोधकले समाजमा विद्यमान बहुलतालाई नियन्त्रण, नियमन, व्यस्थापन र गतिशील तुल्याउने श्रमस.स्कृति रहेको तथा यहाँ विद्यमान यही संस्कृतिबाट जिजीविषा मात्रका लागि पनि अपर्याप्त रहेको विचार प्रस्तुत गरिरहेको छ भने आफ्नो समाज बुझाई एवम् यसप्रतिको दृष्टिकोण स्वीकार गर्नका लागि आग्रह गरिरहेको छ । आफ्ना विचारप्रति सहमत हुनका लागि समाज, समाजमा अवस्थित बहुलता, बहुलतालाई गतिशील तुल्याउने श्रमसंस्कृति तथा त्यसमा सन्निहित असमानता र शोषणका विविध स्वरूपका रूपमा दावीलाई पुष्टि गर्ने तथ्य र प्रमाण प्रस्तुत गरिरहेको सम्बोधकले आफ्ना विचारलाई स्वीकार गर्नका लागि आग्रह गरिरहेको छ । उपन्यासको प्रस्तुत अंशमा पाठकलक्ष्यित आग्रहको सशक्तता र विचारको सधनताका कारण आख्यानको सौन्दर्यसत्ता कमजोर भई निबन्धात्मक अभिलक्षणले उचाइ प्राप्त गरेको छ । यस अंशमा आख्यानात्मक कथ्यकथन तथा त्यसको सौन्दर्यमूल्यका स्थानमा विचारतत्त्वको अन्तर्मिश्रण भएको छ । आख्यान निर्मितिमा निबन्धात्मक विशेषताका कारण प्रस्तुत कृति विधा विनिर्माण भई संरचित पाठमा रूपान्तर भएको छ भने यस विषयको पुष्टि उपन्यासका निम्नलिखित सन्दर्भले पनि पुष्टि गर्दछन् :

> यस गाउँमा शिक्षा पस्दै छ । शिक्षाले गाउँमा अवश्य नवीनता लेख्ने छ । यसरी नै गाउँमा विकास पस्दै छ र वर्ग दूरी स्पष्ट हुँदै । केही मान्छेहरूको छलछाम प्रवृत्तिको गाउँमा विशेष चर्चा हुन थालेको छ । पण्डितका शास्त्रहरूका फलाका र व्यवहारका बीचको भेदलाई औंल्याएर गाउँलेहरू रिस र उपहासलाई देखाउन थालेका छन् । गाउँमा नवज्योति छरिँदै छ र सूर्यका किरणझैं उज्यालो भएर चेतना गतिशील हुँदैछ (शर्मा, २०७७, पृ. १०८) ।

साहित्यिक विधाबीचको विधागत सार्विक र स्थानिक तत्त्वका आधारमा विचार निबन्धको स्थानिक तत्त्व हो । विचार निजात्मक अनुभूतिको प्रकटीकरणका क्रममा जीवनजगत्प्रतिको सम्बोधकका विचारको प्रस्तुतीकरण गर्ने माध्यम पनि हो । विचार निबन्धलाई साहित्यका अन्य विधाबाट भिन्न तुल्याउने विभेदक अभिलक्षण भएकाले साहित्यिक विधामा यसको उपस्थिति निबन्धीय सौन्दर्य निर्मितिको आधार हो । प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासको यस सन्दर्भमा जीवनका गति, नियति र दिशा परिवर्तन गर्ने माध्यमका रूपमा शिक्षाको सर्वेपरि महत्त्वलाई आधार मानी यसको सांस्कृतिक प्रभाव, परिणाम र परिवर्तनसम्बन्धी सम्बोधकको विचार प्रस्तुत भएको छ । समाज परिवर्तन र सामाजिक रूपान्तरणसम्बन्धी विचार प्रकटीकरणका क्रममा सम्बोधकले शिक्षाका माध्यमबाट बोध हुने असमानता, विषमता र शोषणको संज्ञानसँगै परम्परागत रूढ मान्यताका स्थानमा नवीन प्रगतिशील समाजको ठोस आधार प्राप्त हुँदै जाने तथा यसको विकसित र परिवर्तित निर्मितिका रूपमा नूतन समाजको निर्माण हुने विचार प्रस्तुत गरेको छ । प्रस्तुत उपन्यासको यस अंशमा समाज रूपान्तरण, सांस्कृतिक परिवर्तन तथा सामाजिक नवउन्मेषको निर्मिति तथा आधारभूत एकाइका रूपमा शिक्षाको महत्त्व र गरिमालाई केन्द्रीय विचारका रूपमा प्रस्तुत गर्ने सम्बोधकले वर्तमानमा क्रियाशील एकात्मक संस्कृतिको अन्त्य गरी बहुलताको संस्कृतीकरणका लागि शैक्षिक महत्त्वको सर्वोपरिता नै निर्विकल्प माध्यम रहने विचार प्रस्तुत गरेको छ । यस अंशमा समाज, संस्कृति र यसको यथास्थितिबाट उन्मुक्तिको प्रारम्भिक चेतनाका रूपमा शिक्षा सार्वभौम र सार्वजनीन रहेको दाबी प्रस्तुत गर्ने सम्बोधकले समाजमा असमानता र शोषणरूपी कुसंस्कृतिको अन्त्यका लागि सबै नागरिक शिक्षित र सचेत हुन आवश्यक रहेको तर्क गरिरहेको छ । उपन्यासको यस कथनमा आएका विषय विचारका रूपमा प्रस्तुत भएका छन् भने यसको सौन्दर्य निबन्धको स्थानिक घटकका रूपमा प्रस्तुत भएको छ ।

उपन्यासको प्रस्तुत कथनमा सम्बोधकले सामाजिक रूपान्तरणका लागि शिक्षाको महत्त्वसम्बन्धी आफ्ना अभिमतलाई स्वीकार गर्न आग्रह गरिरहेको छ भने यही विशेषताका कारण यसको सौन्दर्यसत्ता विघटन भएको छ । उपन्यासको प्रस्तुत कथनमा प्राप्त अभिलक्षणका आधारमा *हिमालमुनिको गाउँ* उपन्यासको आख्यानमा निबन्धको विधायन भई विघटित पाठमा परिणत भएको कृतिमा रूपान्तर गरेको छ । साहित्यिक विधासौन्दर्यका दृष्टिले न्यून आग्रह र तीव्र सौन्दर्यानुभूतिको अभिलक्षण हुने कविता, जीवनजगत्को अनुधृतिलाई अभिनयका माध्यमबाट प्रस्तुत गरिने नाटकमा सामान्य आग्रह र मध्यम सौन्दर्यानुभूति, जीवनजगत्का घटनाको आख्यानीकरण हुने आख्यानमा मध्यम आग्रह र सामान्य सौन्दर्यानुभूति तथा निजात्मक अनुभूतिको प्रकटीकरण हुने निबन्धमा सौन्दर्यतत्त्वको न्यूनता र आग्रह उच्च रहने गर्दछ । प्रस्तुत उपन्यासमा सम्बोधकले जीवनजगत्सम्बन्धी आफ्ना अनुभूतिलाई विचारका रूपमा अभिव्यक्त गर्ने सन्दर्भमा आख्यानको अन्तर्मिश्रण भई विधा विनिर्माण भएको छ । यस उपन्यासमा केन्द्रीय परिवेशका रूपमा चित्रण गरिएको हिमालमुनिको गाउँको मानवीय गतिशीलता तथा यसले अवलम्बन गरेको संस्कृतिसम्बन्धी विचारको प्रकटीकरण निम्नलिखित सन्दर्भमा भएको छ :

> हिमालमुनिको गाउँ चस्चस्स स्मृति बन्दै गाउँलेहरूसित जिउँदो बन्दछ । गाउँलेका प्रतिबिम्बमा विचार र दर्शन जोडिन्छ । . . . मानव अर्थको खोजी हुन्छ । मान्छेको प्राणत्व र जीवत्वको खोजी हुन्छ । अनि चुपचाप चुपचाप गतिशीलता साटिन्छ । यस गतिशीलतामा सन्तोषको सुस्केरा निस्कन्छ । द्वन्द्वरत यस धर्तीमा हमालमुनिको गाउँ मानव यात्रा भएर क्रियाशील बन्छ (शर्मा, २०७७, पृ. १०९) ।

उपन्यासको प्रस्तुत अंश विधागत सौन्दर्य र अभिलक्षणका दृष्टिले आख्यानात्मक विशेषताबाट सम्पृक्त तथा निबन्धका सार्विक विशेषताका आधारमा संरचित छन् । हिमालमुनिको गाउँ एकात्मक संस्कृति, सभ्यता, प्रथा–प्रचलन र जिजीविषासम्बन्धी परम्परागत मान्यताभन्दा माथि उठी परिवर्तित मानवीय अर्थ निर्माण गर्न लालायित रहेको सम्बोधक मानव जातिमा उच्च र निचको कथित परिभाषाको अन्त्यका लागि जागरण आइसकेको तथा अभ्यन्तरित रूपमा सामाजिक, सांसकृतिक र विचारधारात्मक अग्रगमनको दिशामा अग्रसर भइरहेको विषयलाई प्रस्तुत गरेको छ । समाज परिवर्तनका लागि समाजमा विद्यमान परम्परागत भाष्यले निर्माण गरेको विचारधारात्मक संस्कृतिको अन्त्य र नवीनताको आमन्त्रणका लागि परिवर्तनको अवश्यकता रहेको कथ्य प्रस्तुत गर्ने सम्बोधकले यस उद्धरणमार्फत् सांस्कृतिक परिवर्तनका लागि गतिशीलता एवम् त्यसको द्वन्द्वात्मक गतिशीलता नै सफल अभ्यास हुने तर्क प्रस्तुत गरेको छ । समाज रूपान्तरण र नवीनतम निर्मितिका लागि द्वन्द्वात्मक विचार, दर्शन र कार्यको गतिशीलता नै परिवर्तनकारी विमर्श हुने विचार केन्द्रीय भावभूमि निर्माण गर्ने आधार बनेको यस अंशमा आख्यानका तुलनामा निबन्धात्मकताको उपस्थिति सघन रहेको छ । यस सन्दर्भमा निबन्धात्मक विचारका साथै शिल्पप्रविधि पनि उच्च आग्रहप्रधान रहेका कारण प्रस्तुत उपन्यासको 'विचारसँग' उपशीर्षकको खण्ड पूर्णतः निबन्धमा परिणत भएको छ भने आख्यानको संरचनागत र रूपाकृतिगत विस्तारका क्रममा विचारसँगको विमर्शात्मक उपस्थिति जनाउने क्रममा आख्यानका पूर्वसन्दर्भको उपस्थिति पनि सघन रहेको छ । आख्यानको आयाम विस्तारका क्रममा विचारको सघनता हुनु आख्यानमा निबन्धको अन्तर्मिश्रण हो भने यसप्रकारको विधागत बहुलताको समिश्रणबाट सृजित प्रस्तुत उपन्यास विधा विनिर्माण भएको कृति रहेको पुष्टि हुन्छ । साहित्यिक विधाका विधागत अभिलक्षणभन्दा भिन्न बहुविधात्मक अभिवृत्ति भएको प्रस्तुत उपन्यासमा आख्यान र निबन्ध दुवै विधाको विधागत सौन्दर्यका आधारमा पठनीय खुल्ला पाठ बनेको छ । आख्यानमा निबन्धको अन्तर्मिश्रण भई विधाप्रत्ययन भएको *हिमालमुनिको गाउँ* उपन्यासका कविता र गीत, नाटक र निबन्धका साथै समालोचनाको समेत विधायित भई विधा विनिर्माण भएको छ ।

**हिमालमुनिको गाउँ उपन्यासमा समालोचना**

प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासका समालोचनाको पनि प्रयोग र प्रस्तुति भएको छ । समालोचना साहित्यिक सौन्दर्यलाई भाव र कलासौन्दर्यका आधारमा पठन, बोध, विश्लेषण र मूल्याङ्कन गरिने मापदण्ड हो । समालोचनामा कृतिमा प्रस्तुत भएका अवधारणाका आधारमा कृतिगत सौन्दर्यको खोजी तथा विश्लेषण गरिएको हुन्छ । साहित्यको अध्ययन गरी त्यसमा भएका विषयलाई विश्लेषण गरी प्रकाशित गर्ने अध्ययन पद्धति समालोचना हो । समालोचनामा साहित्यिक कृति, कतिकार तथा यससाग सम्बन्धित पक्षको अध्ययन हुने भएकाले एकदृष्टिमा यो कुनै पनि रचनाको पुनर्पठन पनि हो । समालोचना भन्नु नै मूलतः निश्चित लेखक, अवधि र राष्ट्रमा स्थापित साहित्यिक कार्यका विशेषतालाई स्वतन्त्र व्यक्तित्व प्रदान गरी तिनको विषयनिष्ठ अध्ययन गरिने अनुशासन हो (वेलेक र वारेन, सन् १९४९, पृ. ७–८) । साहित्यको विधासिद्धान्तका साथै यसको सौन्द्रमीमांसाको विश्लेषण गर्ने सम्बन्धमा भएका खोज–अनुसन्धान र अध्ययन परम्परामा समालोचना साहित्यिक सौन्दर्यका आधारमा कृतिको विश्देषण र मूल्याङ्कन गर्ने पद्धतिका रूपमा परिभाषित र व्याख्या गरिएको विषय नै हो । समालोचना साहित्यमा प्रस्तुत भएका घटनाक्रिया र त्यसको विश्लेषणसँग सम्बन्धित प्रक्रिया हो (इगल्टन, सन् २००३, पृ. ४७) । समालोचना साहित्यिक कृतिका विषयमा गरिने सम्यक् र सार्थक विश्लेषण हो । समालोचनामा कृतिमा रहेको विधागत सौन्दर्य, यसको विधागत मूल्यका साथै यसमा अभिव्यक्त भएका युगीन यथार्थको प्रतिबिम्बन कसरी भएको छ भन्ने पक्षको खोजी गरिन्छ ।

समालोचना कृतिको विषयनिष्ठ व्याख्या भएकाले यसलाई साहित्यिक कृतिको पुनर्पठनका रूपमा पनि लिनसकिन्छ । कुनै कृतिमा प्रस्तुत भएका धारणा, मान्यता, विश्वास तथा त्यसको मान्छेसँगको अन्तर्सम्बन्धको विवेचना गरिने भएकाले समालोचनालाई पूर्वकृतिमा प्रस्तुत भएका दृष्टिकोणको नवीन र तटस्थ व्याख्या गरी त्यसको सर्वाङ्गीण पक्षको विवेचना गर्ने भएकाले यो साहित्यको पुनर्पठनका रूपमा लिइने विधा हो । साहित्यिक विधाका रूपमा कविता, नाटक, आन्यान, पद्य, गद्य आदिलाई निबन्धात्मक ढाँचामा पुनर्अध्ययन गरिने वस्तु र विषयनिष्ठ व्याख्या, विश्लेषण र

मूल्याङ्कन गरिने पद्धति हो (फिचम्यान, सन् २०१३, पृ. ४४) । समालोचनाका माध्यमबाट कृतिको वस्तुता र यसका अभिव्यक्त सौन्दर्यको सम्यक् विश्लेषण हुने भएकाले यो कृतिलेखनको अवधिका साथै यससँग सम्बन्धित विगत र आगतलाई समेत प्रकाशित गर्ने विषय हो । समालोचना ऐतिहासिक, कालक्रमिक, समकालिक र तुलनात्मक पद्धतिका आधारमा निर्माण भएका दर्शन, सिद्धान्त र अवधारणाका आधारमा कृतिमा प्रस्तुत भएका विषयलाई प्रमाणका रूपमा लिई त्यसको वस्तु र विषयनिष्ठताप्रति निर्मम भई गरिने अध्ययन हो (डेरिडा, सन् १९९७, पृ. ८७) । समालोचना साहित्य के विषयमा आधारित छ ? साहित्यमा समाज र यसको संरचनात्मक विशेषता कसरी प्रस्तुत भएको छ ? साहित्यको समाज, सामाजिक विकास तथा त्यसको वर्तमानीकरण कसरी प्रस्तुत भएको छ भन्ने बहुआयामिक विषयको खोजी गरी तिनको अनेक पक्षका आधारमा अध्ययन, विश्लेषण गर्ने भएकाले पनि यो साहित्यसँग सम्बन्धित मात्र नभई प्रकारान्तरले साहित्यिक विधाकै रूपमा स्थापित विषय हो ।

समालोचनाले कृतिमा अभिव्यक्त भएका धारणा, मान्यता, विचारधाराका साथै त्यसको संरचनात्मक र रूपाकृतिगत अभिलक्षणको मात्र अध्ययन नगरी कृतिले अङ्गीकार गरेको समग्र विषयको अध्ययन गर्ने साहित्यिक पद्धति हो । समालोचनामा कृतिका साथै कृतिकारको व्यक्तित्वको अध्ययनका साथै यी दुई विषय परस्परका कसरी अन्वय भएका छन् भन्ने पक्षको पनि अध्ययन गरिन्छ । समालोचना विषय र वस्तुनिष्ठ रूपमा कृति र यससँग सम्बन्धित विषयको अध्ययन गर्ने भएकाले यो कृतिका आधारमा समाज र सामाजिक अभ्यासलाई समेत विश्लेषण गर्ने साहित्यिक भेद हो । समालोचना निश्चित कृति र कृतिकारसँग सम्बन्धित विषयलाई व्याख्या, विश्लेषण र मूल्याङ्कन गरी त्यसको विषयनिष्ठ अध्ययन गर्ने विधा हो (अब्राम्स, सन् १९९९, पृ. ५०) । साहित्यमा प्रस्तुत भएका विषयका आधारमा मात्र नभई कृति रचनासन्दर्भगत पक्षलाई आधार मानी साहित्यको विश्लेषण गर्ने समालोचनाको प्राप्ति हो । समालोचनामा अभिव्यक्त भएका दृष्टिकोण कृति र कृतिकारमा अभिव्यक्त मान्यतासँग मिल्नै पर्छ भन्ने छैन । साहित्यिक समालोचनाको मुख्य अभिलक्षण भन्नु नै कृतिको विश्लेषण, मूल्याङ्कन र विषयीकरण गर्ने पद्धति हो (कडन, सन् २०१३, पृ. १७०) । समालोचनाले कृतिमा प्रस्तुत भएका विषयलाई समाजसापेक्ष मान्यताका आधारमा विश्लेषण र मूल्याङ्कन गर्ने भएकाले यो कृतिका सन्दर्भमा विषयनिष्ठ व्याख्या गर्ने अनुशासन मात्र नभई त्यसप्रति आलोचनात्मक धारणा प्रस्तुत गर्ने माध्यम पनि हो ।

साहित्यिक कृति र कृतिकारका साथै यसको संरचनाका साथै कलात्मक मूल्य निरूपण गर्ने साहित्यिक अध्ययनको पद्धति समालोचना भए पनि यसले कृतिबाहिरको सामाजिक सन्दर्भका आधारमा कृतिमा अभिव्यक्त भएका दृष्टिकोणबीच तुलनात्मक अध्ययन पनि गर्दछ । साहित्यको आधुनिक पद्धतिको विकासमा संरचनावादको भूमिका महत्त्वपूर्ण छ भने यसले साहित्यिक विधाको वर्गीकरणका साथै ती प्रत्येक विधाको पृथक् सौन्दर्य रहने अवधारणा स्थापित गरेको छ । संरचनावादले साहित्यिक समालोचनाको परिभाषा परम्परागत धारणाभन्दा भिन्न बृशत्तर आयाममा विस्तार गरेको छ । संरचनावादी मान्यताअनुसार दर्शन, साहित्य, राजनीति, समाजशास्त्र र तुलनात्मक पद्धति अवलम्बन गरी निश्चित संरचना भएका पाठको विश्लेषण गर्ने पद्धति हो भने साहित्यका सन्दर्भमा यसले संरचना, रूपविन्यास, र विचारधारात्मक पक्षका आधारमा कृतिगत गुण, दोष र कलात्मक प्राप्तिको अध्ययन गर्दछ (कलर, सन् २०१८, पृ. ८३) । संरचनावादले समालोचनालाई साहित्यको सौन्दर्यशास्त्र निश्चित कृतिकेन्द्री विषय मात्र नभई यो समाजसँग प्रत्यक्ष जोडिने कलात्मक भाषिक प्रकार्य रहेकाले यसको अध्ययन पनि सीमित नभई बृहत्तर अनुशासनका रूपमा व्याख्या गरेको छ । प्रकारान्तरले समालोचनाको अभिप्राय कृति, कृतिकार र कृतिमा प्रस्तुत भएका मान्यताको समीक्षा मात्र नभई यो कृतिसँगै समाजका हरेक पक्षको अध्ययन गर्ने साहित्यिक अध्ययनको पद्धति हो ।

समालोचनाले साहित्यिक कृतिमा प्रस्तुत भएका सम्पूर्ण पक्षको सारभूत अध्ययन गरी त्यसको प्राप्ति र वैशिष्ट्यलाई स्थापित गर्दछ । साहित्यिक कृतिका विषयमा केन्द्रित भई प्रबन्धात्मक पुनरावलोकन गरिने अध्ययन समालोचना हो भने यसले निश्चित दर्शन, सिद्धान्त, विचारका साथै राजनीतिक र सामाजिक सन्दर्भबाट कृतिगत मूल्यको निरूपण गर्दछ (बल्डिक, सन् २००१, पृ. ५५) । साहित्यमा प्रस्तुत भएका विषय र संरचनागत प्राप्तिको अध्ययनका अतिरिक्त कृतिका आधारमा समाजका हरेक पक्षको अध्ययन गर्ने भएकाले यो साहित्यको विषयनिष्ठ अध्ययन गर्ने

माध्यम बनेको हो। साहित्यिक सिर्जनामा समालोचनात्मक विशेषता प्रस्तुत हुनु समालोचनाको विधामिश्रण हो। प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासमा अख्यानमा समालेतनाको विधामिश्रण भएको छ । यस उपन्यासमा कथ्यप्रस्तुतिका क्रममा आख्यानमा प्रयोग भएका सन्दर्भका विषयमा विशेष टिप्पणी गर्ने क्रममा आख्यानमा समालोचनाको विधामिश्रण भएको छ। यस उपन्यसमा आख्यानमा समालोचनाको विधामिश्रण भएको निम्नलिखित सन्दर्भ व्याख्येय छ :

प्रस्तुत उपन्यासांशमा आख्यानमा समालोचनाको उपस्थितिका कारणा विधा विनिर्माण भएको छ । आख्यानको अन्तर्वस्तु, संरचना र शिल्पसौन्दर्यको पूर्णताका लागि कविताविधाको विधागत अभिलक्षण मात्र नभई आख्यानातमक सन्दर्भमा समालोचनाको प्रस्तुति कृतिको भावगत सघनता तथा प्रस्तुतिगत चुस्तता सिर्जना गर्नका लागि सहयोगी मात्र नभई आख्यानात्मक सौन्दर्यलाई उच्च तुल्याउनका लागि पनि महत्त्वपूर्ण रहने पक्षको समर्थनसँग सम्बन्धित छ। समाजमा रहेका विषय, भाव, सोच, सांस्कृतिक तथा भूमिकाका दृष्टिले विविधता रहेकाले आख्यानमा कविता, गीत अथवा यसको निर्माण गर्ने लयले सिर्जना गर्ने सौन्दर्यलाई प्रयोग गर्ने समालोचकीय दृष्टिकोण प्रस्तुत भएको यस उद्धरणमा पाठक र स्रष्टा परस्परमा अनभिज्ञ रहेर कसरी साहित्यका माध्यमबाट एकअर्काका परिपूरक बन्छन् भन्ने तथ्यको सिद्धि तथा पाठक-लेखक सम्बन्ध तथा दुवैका विचारात्मक, समप्रेषणात्मक र भावातणमक सम्बन्धलाई जोडेर निर्माण हुने सौन्दर्यको सुन्दरता नै सिर्जना रहेकाले पाठकीय प्रतिक्रिया नै वास्तविक कृतिको प्राप्ति रहने दृष्टिकोणको संश्लेषण भएको छ । प्रस्तुत उपन्यनसांश रचना विधानका दृष्टिले आख्यानांश नै रहे पनि कृति आफैंमा कृति, पाठक, कृतिप्रति पाठकीय दृष्टिकोण तथा यसप्रकारका बहुपक्षीय विषयको समुच्चय रहेकाले कृतिको प्राप्ति नै पाठक, पाठकको प्रतिक्रिया र त्यसको समालोचनाबाट प्राप्त सौन्दर्य हो भन्ने दाबीको पुष्टि भएको छ।

> प्रिय पाठक महोदय ! तपाईंले कवितात्मक सम्भाव्यतालाई कसरी लिनु हुन्छ, कुन्नि ? तपाईंहरूको अनुहार मलाई थाहा छैन र मेरो अनुहार पनि तपाईंलाई थाहा नहुँदा हामी बीच कुनै ईर्ष्या जन्मने छैन। स्वस्थ ममता नै अमर प्रतिष्ठा हो। ममता गरिनेको प्रतिष्ठा मात्र होइन गर्नेको पनि हो। साथी यदि तपाईं पनि समाजमा मर्मबोध गरेर सम्भाव्यताको खोजीमा हुनुहुन्छ र यसको अर्थ साट्न चाहनु हुन्छ भने त्यस सम्भाव्यतालाई लेख्नु होला ! मेरा अनागतका मित्रहरूलाई हिजोका दिनमा स्मृति र सम्बोधन यस्तै थियो (शर्मा, २०७५, पृ. २९)

प्रस्तुत अंशमा आख्यानका अभिलक्षणका विषयमा विमर्श प्रस्तुत भएको छ । उपन्यासमा समालोचनाको उपस्थितिमा विधाविनिर्माण भएको यो अंश आख्यानका संरचक घटक, त्यसको शिल्पप्रविधि तथा लेखकीय कौशलका साथै यसको संरचना विधानका लागि चाहिने प्रातिभ पक्षको संश्लेषण भएको छ । यस उपन्यासांशमा प्रथमतः आख्यानको संरचनागत र रूपाकृतिगत आयामविस्तारका दृष्टिले यसका दुई भेद हुने विषय आख्यान-आकार तथा यसका संरचनात्मक पक्षका विषय र पारिभाषिक अभिलक्षणको ढाँचामा यसको लेखन र सौन्दर्यको संश्लेषणात्मक अभिव्यक्ति भएको छ । प्रस्तुत अंशमा आख्यान हुनुको अभिप्राय घटना र तिनको कार्यव्यापारलाई कार्यकारण सम्बन्धका आधारमा विन्यास गरिनु मात्र नभई यसमा भाव र कलासौन्दर्यको कुशल कालीगढीलाई निश्चित संरचनात्मक खाकाका साथ संरचना र रूपविन्यासका सबै स्थूल र सूक्ष्म एकाइको सम्यक् र सन्तुलित विन्यासबाट रचना सम्भव हुने अवधारणा प्रस्तुत भएको छ । यस अंशमा प्रस्तुत दृष्टिकोण आख्यान रचनाका लागि आवश्यक पर्ने आधारभूत अभिलक्षण तथा यिनको पालना नै सशक्त आख्यान संरचनाका लागि उपयुक्त हुने तथा घटना र त्यसको कार्यव्यापरलाई केन्द्रीय विषयमा स्थापित गरी आलङ्कारिक क्लिष्ट भाषाप्रयोग मात्र आख्यान सौन्दर्य निर्माण गर्ने सशक्त माध्यम मान्ने गलत अभ्यास र दाबीलाई सच्याई जीवनजगत्का विषयलाई आख्यानका माध्यमबाट अभिव्यक्त गर्नका लागि सामाजिक सन्दर्भ र संस्कृतिको विश्वसनीय र प्रभावकारी प्रस्तुतीकरणका लागि उच्चतम कलात्मक, रागात्मक र भावात्मक सौन्दर्यको अभिव्यञ्जना आफैंमा जटिल कार्य हो भने सन्तुलित आख्यानको रचना थप चुनौतिपूर्ण रहने दृष्टिकोण प्रस्तुत भएको छ । यस अंशमा प्रस्तुत भएको आख्यानको संरचना र रूपविन्याससम्बन्धी दृष्टिकोण यस विषयसम्बन्धी समालोचकीय अभिमत हो। आख्यानमा समालोचनाको उपस्थिति भएको यो अंश आख्यानसौन्दर्य विघटनको आधार बेको छ भने यसप्रकारको अभिलक्षणाले प्रस्तुत कृतिलाई उपन्यास र समालोचना दुवै विधाका विधागत अभिलक्षण र सौन्दर्यका आधारमा अध्ययन गर्न मार्गप्रशस्त गरेको छ । यस उपन्यासमा आख्यानतत्त्वको

संयोजन तथा त्यसको बुनोटप्रक्रियाको उचित व्यवस्थापन नै सशक्त आख्यानात्मक कृतिको अभिलक्षण रहने विधातात्त्विक विषयको स्थापना तथा त्यसका आधारमा कृति रचना हुनुपर्ने दृष्टिकोण निम्नलिखित अंशमा अभिव्यक्त भएको छ।

> रचनाकार – आख्यानकार हुनु छ। रचना-आकार, आख्यान-आकारको तस्बिरमा रचना-भावको अर्थको र आकारमा खाकाको/संघको - आख्यान - घटना र आकारमा खाका/रूपको अर्थ लाग्न सजिलो छैन (शर्मा, २०७५, पृ. ५२)।

प्रस्तुत उपन्यासांशमा आख्यानका उपविधागत भेद तथा तिनले जीवनजगत्लाई प्रतिबिम्बन गर्ने आख्यानात्मक सौन्दर्यको अभिव्यञ्जन भएको छ। मूलभूत रूपमा आख्यान रचनाका क्रममा आख्यानकारले पालना गर्नुपर्ने आधारभूत विषय तथा आख्यानको अभिलक्षणलाई प्रस्तुत गर्ने यस उद्धरणमा विविधतापूर्ण संरचनागत र रूपाकृतिगत अभिलक्षण हुने यस विधामा जीवनजगत्को भावलाई आख्यानीकरणका माध्यमबाट प्रकाशित गर्नका लागि यथार्थमा आधारित कल्पनिक घटना तथा त्यसको व्यवस्थित विन्यासबाट निर्माण हुनै सौन्दर्यका विषयमा ठोस अवधारणा प्रस्तुत भएको छ। आख्यान हुनका लागि जीवनजगत्को वास्तविकतालाई प्रतिबिम्बन गर्नसक्ने घटना, ती घटनामा आएका पात्र र तिनले प्रतिनिधित्व गरेको परिवेशको सम्यक् र सन्तुलित व्याख्या तथा विश्वसनीय प्रस्तुतीकरण हुनुपर्ने विषय रहेकाले जीवनलाई हेर्ने दृष्टिकोण कल्पनालाई सुन्दर शब्दका माध्यमबाट व्यक्त गर्ने सामर्थ्य भएका प्रतिभाका रूपमा स्रष्टाको दृष्टिकोणमा निर्भर रहने अभिमत प्रस्तुत भएको छ। साहित्यमा विषय, भाव, अर्थ, संरचना र रूपाकृतिगत रूपमा संरचनागत विविधता, कलात्मक भाषिक अभिव्यञ्जनाका रूपमा आख्यानको स्थान, महत्त्व, यसले जीवनजगत्का विषयलाई प्रस्तुत गर्ने ढाँचा, आख्यानका लागि अपरिहार्य मानिने घटना, तिनको संयोजन तथा कलात्मक अभिव्यक्तिसहित प्राप्त हुने सिर्जनात्मक व्यक्तित्वका साथै त्यसमा प्रस्तुत कथ्यमा समावेश भएका सामाजिक र सांस्कृतिक सन्दर्भ, प्रस्तुतीकरणको प्रभावकारिता र विश्वसनीयताको मापन हुनुपर्ने आख्यानका विशेषताका सम्बन्धमा संश्लेषित अवधारणा प्रस्तुत भएको छ। सैद्धान्तिक रूपमा अनेक आख्यान निर्मितिका लागि विविधतापूर्ण स्थूल र सूक्ष तत्त्वको यौगिक विधानका साथै त्यसमा कलात्मक अभिव्यक्ति अपेक्षित रहने आख्यानको विधासिद्धान्तसम्बन्धी अवधारणालाई प्रस्तुत गर्ने यस उद्धरणमा आख्यानसौन्दर्यका तुलनामा समालोचकीय मूल्यसौन्दर्यको सघनता रहको छ। आख्यान रचनाका क्रममा यसको सौन्दर्यशास्त्रीय र विधासैद्धान्तिक अभिमतको सशक्त उपस्थितिका कारण प्रस्तुत कृति विधायित भई दुवै विधाको विधासौन्दर्यका आधारमा पठनीय पाठ बनेको छ।

प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यासमा कथ्यविषयको प्रस्तुतिका क्रममा आख्यानको पारिभाषिक अभिलक्षणका साथै यसको आवयविक संरचना तथा तिनको पारस्परिक अन्तर्सम्बन्धबाट सिर्जना हुने कृतिगत आयाम विस्तार एवम् तिनमा प्रतिबिम्बन हुने विषयगत सन्दर्भका विषयमा पनि ठोस अवधारणा प्रस्तुत भएको छ। आख्यानमा यसप्रकारको अभिव्यक्तिको उपस्थितिका कारण यस उपन्यासको विधागत सौन्दर्यको विघटन भएको छ। आख्यानमा खेल्न पनि अनेक संरचना छन्। लघुकथाबाट उकालो लागेपछि घटनाका अनेक दृष्टान्तमा हराउँदै सग्लो जीवन केलाउन सक्नुहुन्छ। घटनामा भएको भुस या भ्रम निफनेर आख्यानरूपी चामल छान्न सक्नुहुन्छ (शर्मा, २०७५, पृ.१०३)। आख्यानको निर्मिति भन्नु नै जीवनजगत्का विषयलाई कल्पनातत्त्वका माध्यमबाट आख्यानीकरण गरी तिनका सम्बन्धमा विश्सनीय कलात्मक सौन्दर्यको सिर्जना गर्नु हो। उपर्युक्त अंशमा निर्मितिमा महत्त्वपूर्ण आधारका रूपमा आवश्यक र अनिवार्य अङ्ग मानिने घटना, त्यसका द्वन्द्वात्मक र क्रियात्मक अभिलक्षणका आधारमा जीवनका एकपक्षीय, बहुपक्षीय र सम्पूर्णताको चित्रण गरी कलात्मक सौन्दर्य स्थापना गर्ने आधार र त्यसको सौन्दर्यशास्त्रीय अभिलक्षण प्रस्तुत भएको छ। उपन्यासको प्रस्तुत अंशमा आख्यानको स्वरूपका साथै संरचनागत र रूपाकृतिगत अभिलक्षणको संश्लेषणात्मक अभिलक्षणको प्रस्तुतिका कारण यो आख्यानांशका तुलनामा समालोचकीय दृष्टिकोण सघन रहेको कथ्य बन्को छ। यस अंशमा जीवनजगत्को एकपक्षीय चित्रण गर्ने लघुकथाबाट आरम्भ हुन् आख्यानको रूपाकृतिगत अभिलक्षण जीवनको विराटतासम्म विस्तारित हुने विषयमा आधारित रहने विषयको प्रस्तुति भएको यस अंशको प्रयोजन आख्यानको संरचनात्मक आयामविस्तारसँगै विकास हुने आख्यानात्मक विधाका विविध उपविधा

रहने तथा ती प्रत्येक उपविधाका आफ्नै विशिष्ट स्थापत्य कलासौन्दर्यका अतिरिक्त सौन्दर्यात्मक भाषिक कलाका रूपमा साहित्यका अन्य विधाका सापेक्षमा आख्यान भिन्न रहने आधार र कारणको अभिव्यञ्जना भएको छ । साहित्यिक विधाका बीचमा पारस्परिक आदानप्रदान हुने माध्यमका रूपमा सबै विधाले अङ्गीकार गर्ने सार्विक तत्त्वका रूपमा आख्यानको स्थानिक अङ्ग मानिने कथानकको निर्माण गर्ने घटनाको सूक्ष्म बुनोट र विन्यास सबै विधाको रूपाकृतिगत आयामविस्तारका लागि महत्त्वपूर्ण माध्यम मानिने भएकाले साहित्यको संरचनात्मक विशेषता नै आख्यानमा अन्तर्निर्भर रहने समालोचकीय दृष्टिकोण प्रस्तुत गर्ने यस अंशमा आख्यानका लागि आवश्यक स्थूल, सूक्ष्म र प्रकार्यपरक अङ्गका विषयका बारेमा विमर्श प्रस्तुत भएको छ ।

साहित्यिक सिर्जनाका सन्दर्भमा आख्यानका विभेदक अभिलक्षण एवम् स्वरूपसम्बन्धी विषयको पारिभाषिक विशेषता प्रस्तुत गर्ने यस उद्धरणमा आख्यानको संरचनागत र रूपाकृतिगत आयामविस्तार तथा यसको उपविधअगत स्थापत्य कलामूल्य एवम् सौन्दर्यशास्त्रीय पक्षसम्बन्धी आधारभूत अभिलक्षणको संश्लेषण भएको छ । यस अंशमा आख्यानमा आख्यानात्मक विधाको विधागत सौन्दर्यात्मक अभिलक्षणको प्रस्तुतिका कारण विधा विनिर्माण भएको छ । प्रस्तुत अंश उसन्यासको अन्तर्वस्तु निर्माणका क्रममा प्रयोग भए पनि आख्यान निर्मितिका लागि आवश्यक पर्ने घटकका साथै यसका विधासौन्दर्यसम्बन्धी अवधारणाको सारपूर्ण अभिव्यक्तिका रूपमा आएका कारण प्रस्तुत उपन्यास स्वतन्त्र आख्यानात्मक अभिलक्षणमुक्त विधागत सङ्करीकरण भई आख्यानसौन्दर्यको भञ्जन भएको छ । आख्यानका संरचक र सौन्दर्यात्मक अभिलक्षणको संश्लेषित अवधारणा प्रस्तुत भएको यस कथनको उपस्थितिका कारण आख्यानको सार्वभौम मान्यता खण्डित तुल्याउने यस अंशका आधारमा यो कृति विधा विनिर्माण भई पाठमा परिणत भएको छ । आख्यानमा समालोचकीय दृष्टिकोणका कारण यस उपन्यासलाई विघटित रचनामा रूपान्तर गर्न निम्नलिखित अंशको भूमिका सशक्त छ । मेरा प्यारा पाठक ! तपाईंले जीवनको भेउ नपाए पनि आफ्नो जीवनकथा लेख्नुस् न ! अनि मेरो प्रश्नको उत्तर दिनु नि– कस्तो लाग्यो त– मेरो कथन अनि आख्यानात्मक अर्थ (शर्मा, २०७५, पृ.१०३) ! । आख्यानमा जीवनजगत्का घटना तथा तिनको व्यवस्थित विन्यासबाट निर्माण हुने विषयवस्तुको कलात्मक बुनोट एवम् कुतुहलपूर्ण प्रस्तुतीकरण अपेक्षित रहन्छ । प्रस्तुत अंशमा समाख्याताले आख्यानका स्थापित कलामूल्यको अभिव्यञ्जनाका विषयमा पाठकलक्ष्यित सम्बोधन गर्दै आख्यानको विषयवस्तु जीवनसापेक्ष यथार्थलाई स्पर्श गर्ने आधारित पक्षलाई प्रस्तुत गरेको छ । आख्यान जीवननिष्ठ हुनुपर्दछ । जीवनको यथार्थलाई स्पर्श गर्ननसक्ने आख्यान सौन्दर्यविहीन शब्दको भीड मात्र हुने दृष्टिकोण प्रस्तुत भएको यस उद्धरणमा जीवनको वास्तविकता अभिव्यञ्जना नभएका तथा तिनले प्रतिबिम्बन गर्ने सौन्दर्यको औचित्य नहुने अवधारणा प्रस्तुत भएको छ ।

उपन्यासको प्रस्तुत अंशमा आख्यानको क्षेत्र तथा यसको रचनाका क्रममा छनोट गरिने जीवनका स्थूल। सूक्ष्म एवम् अभ्यन्तरित यथार्थको उद्घाटनका लागि अवलम्बन गरिने पद्धति तथा क्षेत्र छनोटको विषयसँग सम्बन्धित प्रस्तुत अंशको प्रयोजन आख्यानमा आख्यानात्मक सौन्दर्यको प्रस्तुतीकरण नै हो । यस उद्धरणमा प्रस्तुत आख्यानको विषयवस्तु र क्षेत्रसम्बन्धी दृष्टिकोण र त्यसप्रतिको सौन्दर्यात्मक दृष्टिकोण आख्यानको अन्तर्वस्तु निर्माणका क्रममा आए पनि प्रकारान्तरले यो समालोचना नै हो । आख्यानमा सौन्दर्य सिर्जना गरी यसमा केकस्ता विषयलाई कसरी प्रस्तुत गर्दा यसको स्थापत्य कालामूल्यको सार्थक उपस्थिति हुन्छ ? भन्ने संश्लेषित दृष्टिकोणको प्रयोगका कारण यस अंशमा उपन्यासको विषयक्रमका साथै आख्यानसम्बन्धी दृष्टिकोणको प्रस्तुति भई दुवै कारयत्री र भावयत्री सौन्दर्यको अन्तर्मिश्रण भएको छ । उपन्यासको कथ्यविषयको विस्तारका क्रममा आख्यानको सौन्दर्यचिन्तनको समानान्तर उपस्थिति देखाउने यस उद्धरणले प्रस्तुत कृतिलाई आख्यान विधाको विधाकेन्द्री सौन्दर्य चिन्तनबाट सम्पृक्त गरेको छ । यस उद्धरणको उपस्थिति प्रस्तुत कृतिलाई आख्यानात्मक अभिवृत्तिभन्दा पृथक् पाठमा रूपान्तर गरेको छ भने आख्यान र समालोचना दुवैका अभिलक्षणका आधारमा अध्ययन गर्नसकिने आधारसमेत सिर्जना गरेको छ ।

प्रस्तुत उपन्यासमा आख्यानमा जीवनजगत्सम्बन्धी निजात्मक अनुभूति र विचारको प्रकटीकरण हुने प्रत्ययकारी विधाको पहिचान प्राप्त गरेको निबन्धको विधाकेन्द्री अवधारणाको संश्लेषित प्रस्तुति भएको छ । निबन्धको स्वरूप, विशेषता तथा तद्विषयक सैद्धान्तिक मान्यताको सारस्वरूप पारिभाषिक अभिलक्षणको अभिव्यक्ति उपन्यासमा

भएको छ। मित्रहरू ! जीवनका केन्द्रमा प्रत्येक दिन विकीर्ण छ। यो विकीर्ण यात्रा समयको आधार भएर बचाइको अर्थ दिन्छ। जीवन जस्तै छ, निबन्ध पनि त्यस्तै छ (शर्मा, २०७५, पृ.१११)। प्रस्तुत उद्धरण निबन्धको पारिभाषिक एवम् सैद्धान्तिक अभिलक्षणको संश्लेषित रूप हो । निबन्ध निजात्मक अनुभूतिको प्रकटीकरण र विचारप्रस्तुतिका लागि उपयुक्त मानिने विकीर्ण चिन्तन हो। जीवनजगत्का विषयमा सम्बोधकले आफ्ना निजी विचार प्रस्तुत गर्ने तथा आफ्ना दृष्टिकोणलाई स्वीकार गर्न पाठकलाई आग्रह गर्ने निबन्ध आग्रहप्रधान साहित्यिक विधा हो। साहित्यका कविता, नाटक र आख्यान विधामा जीवनजगत्को लयात्मक, नाटकीय र आख्यानात्मक प्रस्तुतीकरण हुन्छ भने निबन्धमा निजी अनुभूतिलाई रागात्मक आवरण र भावात्मक लालित्यको संयोजन हुनेगर्दछ। निबन्धका सार्विक विशेषताका सम्बन्धमा विधासिद्धान्तले स्थापना गरेका मान्यताको संश्लेषण प्रस्तुत गर्ने यो अंश आख्यानको सौन्दर्य तथा स्थापत्य कलामूल्यलाई प्रस्तुत गर्दै दृष्टान्त सन्दर्भका रूपमा प्रयोग भएको छ। यस उद्धरणले निबन्ध के हो रु भन्ने परिभाषाका साथै यसका संरचक घटक तथा विधागत सौन्दर्यात्मक अभिलक्षणलाई प्रस्तुत गरेको छ । यस अंशले आख्यानमा विचारतत्त्वको उपस्थिति आख्यानात्मक निबन्धको विधागत सहकारिता र अन्तर्सम्बन्धको प्राचीन परम्परा रहे पनि साहित्यको विधासिद्धान्तमा विकेन्द्रित विचारबाट सृजित सौन्दर्यानुभूति प्रकटीकरणको कलात्मक माध्यमका रूपमा निबन्धको पहिचान तथा सौन्दर्यमूल्यको निरूपण गरेको छ। उपन्यासमा निबन्धको विधागत अभिलक्षणको प्रयोगका कारण आख्यानात्मक सौन्दर्यसत्ताको विघटन गर्ने यस अंशको प्रस्तुतिका कारण यो उपन्यासमा समालोचनाको उपस्थिति भई विघटित कृति बनेको छ।

आख्यानमा निबन्धको विधासिद्धान्तसम्बन्धी अवधारणाको उपस्थिति गराउने उपर्युक्त, उद्धरणका आधारमा प्रस्तुत उपन्यास आख्यान र निबन्धसिद्धान्तका आधारमा पठन, बोध र विश्लेषणीय छ। यस उपन्यासको पठनका क्रममा पाठकले आख्यान र निबन्ध सिद्धान्त दुवै पक्षका आधारमा अध्ययन गर्नसक्ने भएकाले यो अन्तर्विधात्मक विशेषता अङ्गीकार गर्ने विवृत्त पाठ हो। यस उपन्यासमा साहित्यिक विधाबीच सार्विक तत्त्वको आदानप्रदान रहने तथा स्थानिक तत्त्वका आधारमा अभिव्यक्ति अलग हुने मान्यताका विपरीत आख्यानमा निबन्ध सिद्धान्तको उपस्थिति भएको छ। जीवनजगत्का घटनालाई आख्यानीकरण गरी प्रस्तुत गर्ने उपन्यासको सार्विक विशेषतालाई खण्डित गरी आख्यानको अन्तर्वस्तुमै आख्यानभिन्न विधाका विधागत अभिलक्षणको प्रस्तुतीकरणका कारण विधागत सौन्दर्यसत्ताको विघटन भएको छ । उपन्यासको सार्विक विशेषताभन्दा पृथक समालोचनात्मक अभिवृत्तिको सघन उपस्थिति भएको यो उपन्यास विधागत रूपमा सबै सौन्दर्यको अन्वय भई संरचित पाठ रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ।

**निष्कर्ष**

विनिर्माण संरचनावादले स्थापना गरेका साहित्यिक विधाबीचको आदानप्रदान तथा विधागत सहकार्यको दार्शनिक, सैद्धान्तिक र अवधारणात्मकलाई उल्टाई काव्यिकता, नाटकीयता, निबन्धात्मकता तथा अन्यान्य भाषिक कलासौन्दर्यको अभिव्यक्तिलाई विधा विनिर्माणको आकार र कारकका रूपमा स्थापित गर्ने दर्शन हो । प्रस्तुत उपन्यासको 'अस्तित्व' र 'शब्दबिम्ब', औपन्यासिक कथनको आरम्भ र कथानक विस्तारका खण्ड हुन् । यस उपन्यासको तेस्रो उपशीर्षक 'लयसँग' राखिएको छ भने यस खण्डबाट आख्यानको विधाविघटनको आरम्भ पनि भएको छ। यस उपशीर्षकमा औपन्यासिक कथ्यप्रस्तुतिका लागि नेपाली साहित्यमा स्थापित चार भिन्न लयको प्रयोग गरिएको छ। यस खण्डमा जापानी स्फूट मुक्तकाकार रचनाविधान भएको हाइकु, मुक्तकाकार शिखरिणी छन्दमा संरचित एक पद्य, एघार समान वर्णको आवृत्ति भएका पङ्क्तिको नियमित पुनरावृत्ति भई चार पाउको एक श्लोक हुने लोकलयमा संरचित गीति लय तथा मुक्तलयमा संरचित काव्यिक सौन्दर्य भएका अभिव्यक्तिका माध्यमबाट औपन्यासिक विषयको विस्तार भएको छ । आख्यान निर्मितिका लागि लयको आमन्त्रण तथा प्रयोगका कारण आख्यानीकरणका सन्दर्भमा नयाँ प्रयोगप्रतिको आग्रह रहे पनि विधासौन्दर्यका दृष्टिले यसप्रकारको अन्तर्मिश्रण विधाविनिर्माणको आधार हो। साहित्यिक विधाबीच पारस्परिक आदानप्रदान र विधागत सहकारितासम्बन्धी मान्यताका दृष्टिले आख्यान सौन्दर्य निर्मितिका लागि पोषक रहे पनि विनिर्माणका दृष्टिले यसप्रकारको प्रयोग विधागत स्वायत्तता र केन्द्रको भञ्जन हो भने यस प्रकारको

प्रयोगका कारण यस उपन्यासको विधाविनिर्माण भएको छ । आख्यानमा लयात्मक कविता, गीत र मुक्तलयका कृतिगत अभिलक्षणको उपस्थितिका कारण उपन्यास र कविता दुवै विधाका विधागत अभिलक्षणका आधारमा पठनीय प्रस्तुत कृति विधागत अन्तर्मिश्रणका कारण आख्यानको सौन्दर्यसत्तामुक्त पाठमा रूपान्तर भएको रचना मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासको रचनाका क्रममा 'विचारसँग' उपशीर्षकको पूरै खण्ड निबन्धात्मक सौन्दर्यका अन्तर्यमा संरचित रहेको छ । यस खण्डमा औपन्यासिक कथ्यका रूपमा हिमालमुनिको गाउँका विशेषता त्यसमा आउँदै गरेको पुनर्जागरणका सम्बन्धमा निजी विचारको प्रस्तुतीकरण भएको छ । उपन्यासको यस खण्डमा हिमालमुनिको गाउँ बहुलतामा आधारित सामाजिक, आर्थिक, सांस्कृतिक र विचारधारात्मक संस्कृतिका आधारमा गतिशील समाज रहेको तथा यसमा बहुपहिचानका सबै विषय र सामाजिक समूह एकात्मक परम्परागत सांस्कृतिक भाष्य र ज्ञानको अन्तर्दमनमा परेको एवम् गाउँमा शिक्षाको प्रचारबाट सृजित चैतन्यका कारण क्रमशः बहुलतालाई अङ्गीकार गर्ने दिशामा अग्रसर बन्दै गएको विचारको प्रस्तुतीकरण भएको छ । उपन्यासको एउटा खण्डको शीर्षक नै निबन्धीय विशेषताको राखिनु तथा त्यसमा निबन्धको स्थानिक तत्त्व विचारको सघनता रहेको यस कृतिमा विचारको आमन्त्रण र प्रयोग विधाविनिर्माणको एक आधार बनेको छ । विचारको सघनता र यसमा विद्यमान प्रत्ययकारिताका कारण प्रस्तुत कृतिको विचारसँग उपशीर्षक पूरै निबन्धात्मक कथनमा परिणत भएको छ । उपन्यासको प्रस्तुत खण्ड पूर्णतः निबन्ध हो भने यो कृतिको मुख्य कथ्यसँग जोडिने अंश बने पनि यसको विधागत सौन्दर्य आख्यानमुक्त छ । उपन्यासका निबन्धीय संरचनाको पूर्णतः अन्तर्मिश्रण भएको प्रस्तुत कृति विधाविनिर्माण भएको रचना हो भन्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा काव्यिकता, नाटकीयता र निबन्धीय विशेषताका अतिरिक्त समालोचनासमेतको अन्तर्मिश्रण भई विधाविघटन भएको छ । यस उपन्यासमा कारयित्री प्रतिभाजनित कविता, नाटक र निबन्धका अतिरिक्त भावयित्री प्रतिभाजनित समालोचनाको समेत अन्तर्मिश्रण भई विधाविनिर्माण भएको छ । प्रस्तुत उपन्यासमा साहित्यका प्रमुख चार विधाअन्तर्गत कविता, नाटक, आख्यान र निबन्धका सार्विक विशेषताका साथै यिनको विधागत सौन्दर्यसम्बन्धी संश्लेषित दृष्टिकोण प्रस्तुत भएको छ भने ती अवधारणाले कृतिमा समालोचनाको उपस्थितिलाई मूर्तत्ता प्रदान गरेको छ । साहित्यिक रचनाका दृष्टिले उपन्यास भनिएको विधाको रचनाका क्रममा सबै विधाका विधागत अभिलक्षण र सौन्दर्यसम्बन्धी मान्यतालाई संश्लेषणात्मक ढाँचामा समावेश गरिनु आख्यानमा समालोचनाको अन्तर्मिश्रण नै हो । औपन्यासिक कथ्यको निर्माणका क्रममा अन्तर्विधात्मक अभिवृत्ति भएक कृतिका संरचक, सौन्दर्यात्मक, कलागत र विशिष्ट सौन्दर्यानुभूतिसम्बन्धी अवधारणाको संश्लेषणात्मक अभिव्यक्तिको प्रस्तुतिका कारण यो कृति विघटित रचना बनेको छ । आख्यानमा समालोचनाको सार्विक विशेषता पाइने प्रस्तुत कृति विधाविनिर्माण भई संरचित रचना हो । सारतः प्रस्तुत *हिमालमुनिको गाउँ* उपन्यास आख्यानमा कावियकता, निबन्धात्मकता र समालोचनाको अन्तर्मिश्रण भई विधाविनिर्माण भएको कृति रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (सम्पा.). (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन* (दोस्रो संस्क.). साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०७६). सङ्कथन विश्लेषण. (सम्पा). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार । पृ. ५७१–५९१

गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श*. पाठ्यसामग्री प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७९). विधामिश्रण र विधाविघटन. (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. *रत्न बृहत् नेपाली समालोचना* भाग ३, रत्नपुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.). (२०४६). *नेपाली कविता* भाग ४, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा* भाग दुई (पाँचौं संस्क.),साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६). *साहित्य परिचय* (पाँचौं संस्क.), साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६७). डेरिडा र विखण्डनवाद. *भृकुटी*, पूर्णाङ्क १० । पृ. ३४१–३६४

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, सुकुम (२०६८). नेपाली निबन्धमा आत्मपरकताको सन्दर्भ. रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड, (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५७/२०५८). आधुनिक नेपाली निबन्ध शिक्षण. *वाङ्मय*, पूर्णाङ्क १० । पृ. ८–१९

सुवेदी, राजेन्द्र (२०६४). *सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण* (दोस्रो संस्क.), पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पा). (२०७६). *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार । पृ. ६२२–६३१

Abrams, M. H. (1999). *A glossary of literary Term* (7th ed.). Heinel and Heinel.

Atkins, G. D. (1983). *Reading Deconstruction Deconstractive Reading*, The University press of Kentucky.

Baldick, C. (2001). *The concise Oxford dictionary of literary terms* (2nd ed.), Oxford University Press.

Barkar, K. (2000). *Cultural studies: Theory and practice*, Saga publication.

Boulton, M. (2002). *The Anatomy of Poetries*, (5th ed.), Kalyani Publication.

Child, P. & Rose Flower.(2006). *The Routledge Dictionary of Literary terms.* (3th ed). Routledge publications. https://doi.org/10.4324/9780203462911

Cuddan, J. A. (2013). *Dictionary of Literary Terms & Literary Theory*. (5th ed.), Wiley-Blackwell.

Culler, J. (2018). "*Structuralism and Poststructuralism". Ex-position*, Issue No. 40, December 2018 | National Taiwan University. Pp. 79-94. DOI: 10.6153/EXP.201812_(40).0005

Derrida, J. (1992). "Structure sign and play in the Discourse of human sciences. In Hazard Admas (Trans.). *Critical Theory since Plato*, Harcourt Brace Jovanvich Collage Publishers.

Derrida, J. (1997). *Of Grammatology*. Gayatry Chakravorty Spivak (Trans.), The Johns Hopkins University Press.

Derrida, J. (2008). Diffrance. Birendra Pandey (Trans.). *Intellectual History Reader : A Critical Introduction*, M. K Publishers and Distributers.

Eagleton, T. (2003). *Literary Theory An Introduction* (2nd edition). Blackwell Publishers Ltd.

Fleischmann, T. C. (2013). Ill Fit the World. In *Bending Genre*. (Edt.). Margot Singer & Nicole Walker, Bloombury Academic.

Klaus, C. H. (1994). 'Elements of The Essay'. *Elements of Literature*. Scholes, R., C. H. Klaus, N. R. Comley (Edt.), Oxford University Press.

Muller, G. (1953). *Morphological Poetries*, Blackhole Publication.

Saussure, F. D. (1992). "Course in General Linguistics". In Hazard Admas (Trans.). *Critical Theory since Plato*, Harcourt Brace Jovanvich Collage Publishers.

Thomson, A. (2006). "Deconstruction". *Literary Theory and Criticism*. (Reprinted). Petriciya Bugh (ed.). Oxford University Press.

Wellek, R. and Austin Warren (1949). *Theory of Literature*, Harocourt, Brace & Company. http://www.archive.org/details/theoryofliteratuOOinwell.